नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शुक्रबार, पुस २१, २०७४ | Friday, Junuary 5, 2018 | www.newsofnepal.com | नेसं ११३८ पोहेलागा ४ | वर्ष २३, अंक ३५१ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { २०१७ मा संन्यास लिएका चर्चित फुटबलर
५ { पहिलो अन्तर्राष्ट्रिय बौद्ध धर्म सम्मेलन काठमाडौंमा
९ { गोदाम घर निर्माणका लागि सम्झौता सम्पन्न
११ { निर्माण सामग्रीको मूल्यवृद्धि स्वाभाविक

### निर्वाचन आयोगका पदाधिकारीको गुनासो

# एमालेको गतिविधिले दबाबमा परियो

सुनील महर्जन, काठमाडौं

एक वर्षमा स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन गराउँदा नपरेको दबाब निर्वाचन आयोगलाई अहिले आएर परेको छ। प्रतिनिधिसभाको समानुपातिकतर्फको सिट सार्वजनिक नगरेकामा वाम गठबन्धन त्यसमा पनि नेकपा (एमाले)का नेताहरूको तारो बनेपछि आयोगले दबाब महसुस गरेको हो। नेकपा (एमाले)का भ्रातृ संगठन सडकमा उत्रिएर नाराबाजी गर्न थालेपछि त्यसले आयोगको मानमर्दन नै गरेको भन्दै अराजक गतिविधि गरेको आरोप आयोगले लगाएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीसँग निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरूले बिहीबार शीतल निवासमा भेटवार्ता गरेका थिए। भण्डारीसँगको भेटमा आयुक्तहरूले केही राजनीतिक दलले अनावश्यक दबाब दिएको भन्दै गुनासो गरेका थिए। आयोगले काम गरिरहेको अवस्था थाहा पाएर पनि कतिपय राजनीतिक दलले लाञ्छना लगाएको गुनासो राष्ट्रपतिसमक्ष उनीहरूले गरेका थिए।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले समानुपातिक परिणाम सार्वजनिक गर्न संवैधानिक अड्चन भएको तथ्यलाई बुझ पचाएर राजनीतिक दलले अनावश्यक बखेडा झिकेको राष्ट्रपति भण्डारीसमक्ष बताउनुभएको थियो।

आयुक्तहरूले वाम गठबन्धन र त्यसनिकट युवा-विद्यार्थी संगठनले प्रतिनिधिसभाको समानुपातिकको मत परिणाम चाँडो सार्वजनिक नगरेकामा विरोध प्रदर्शन गर्दा आफूहरूलाई दबाबमा परेको भन्दै राष्ट्रपतिसमक्ष गुनासो गरेको राष्ट्रपति कार्यालय स्रोतले जानकारी दिएको छ। भेटमा अहिलेको संवैधानिक अड्चन, दलहरूको अभिव्यक्ति र आयोगले गरिहेको तयारीलाई समग्रमा बुझ्नुपर्ने विषयमा छलफल केन्द्रित रहेको एक आयुक्तले बताए। राष्ट्रपति भण्डारीले अहिले समानुपातिक परिणाम सार्वजनिक गर्न नसक्ने कानुनी अड्चन दलहरूलाई बुझाउन आयोगका पदाधिकारीलाई सुझाव दिनुभएको थियो।

> नेकपा (एमाले)का भ्रातृ संगठन सडकमा उत्रिएर नाराबाजी गर्न थालेपछि त्यसले आयोगको मानमर्दन नै गरेको भन्दै अराजक गतिविधि रोक्न आयोगले चेतावनी दिएको छ।

प्रमुख आयुक्त डा. यादवले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दलहरूले प्राप्त गर्ने सिट संख्या तोकी दलहरूलाई पत्राचार गर्न आयोगलाई संवैधानिक एवम् कानुनी अड्चन देखिएको पनि बताउनुभयो।

यादवले राष्ट्रियसभा सदस्य निर्वाचनको मिति घोषणा हुन बाँकी नै रहँदा पनि आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीलाई अगाडि बढाएको जानकारी गराउनुभयो। राष्ट्रियसभाको गठन नभई प्रतिनिधिसभाको समानुपातिकतर्फको सिट संख्या सार्वजनिक गर्न संवैधानिक र कानुनी अड्चन रहेको विषयलाई केही राजनीतिक दलले बुझ पचाएर जबरजस्ती आयोगलाई विवादमा तान्न खोजेको रूपमा आयुक्तहरूले राष्ट्रपतिलाई बुझाउने प्रयास गरेका थिए।

संविधानको धारा ८४ को (८) र प्रतिनिधिसभा सदस्य ऐन २०७४ को दफा ६० (४) को प्रावधानले परिणाम सार्वजनिक गर्न असमर्थ रहेको आयुक्तहरूले राष्ट्रपतिसमक्ष राखेको बुझिएको छ।

संविधानको धारा ८४ को उपधारा ८ मा 'संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ' भनिएको छ। प्रतिनिधिसभाको प्रत्यक्ष र राष्ट्रिसभा (५६) बाट पनि एक तिहाइ महिला नपुगे समानुपातिकबाट ल्याउनुपर्नेछ।

संविधानको धारा ८४ को (८) मा प्रतिनिधिसभा सदस्य ऐन २०७४ को दफा ६०(४०) को मा दलले प्राप्त गर्ने सिट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलका तर्फबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्यासमेत यकिन गरी सम्बन्धित दललाई जानकारी गराउनुपर्नेछ। आयोगलाई परेको अप्ठ्यारो सल्टाउन पनि राष्ट्रपति डा. भण्डारीले सहजीकरण गर्नुपर्ने आशयले आयुक्तहरूले कुरा राखेका थिए।

सो भेटघाटमा पछिल्ला समयमा आयोगबाट भइरहेका कामबारे अनौपचारिक रूपमा राष्ट्रपतिलाई अवगत गराइएको आयोगले जनाएको छ। जवाफमा राष्ट्रपति भण्डारीले राजनीतिक सहमति गर्नुपर्ने अवस्था हो भने आयोगले नै त्यसको पहल गरेर सहमतिको वातावरण जुटाई आवश्यक काम गर्न सल्लाह दिनुभएको थियो।

# सर्वदलीय बैठकमा पुगेन 'भ्यागुताको धार्नी'

नेपाल समाचारपत्र
काठमाडौं

राजनीतिक निकासका लागि प्रधानमन्त्री शेरबहादुर देउवाले बोलाउनुभएको सर्वदलीय बैठकमा सहमति जुट्न सकेन। प्रदेशको अस्थायी राजधानी तोक्ने र प्रदेश प्रमुखको नियुक्ति गर्ने विषयमा सहमति निर्माण गर्न बसेको सर्वदलीय बैठकमा सहमति जुट्न नसकेको हो।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको पाँच दलको सर्वदलीय बैठकमा वाम गठबन्धनका नेताहरूले नयाँ सरकार गठन प्रक्रिया अगाडि बढाउन मार्ग प्रशस्त गर्नुपर्ने विषयमा जोड दिएका थिए। प्रधानमन्त्री देउवालाई वाम गठबन्धनका नेताहरूले सत्ता हस्तान्तरणका लागि गर्नुपर्ने काम आफ्नो ढंगले चाँडो गर्न आग्रह गरेका थिए। राष्ट्रियसभाको निर्वाचनको विषयमा पनि सर्वदलीय बैठकमा कुनै सहमति जुट्न सकेन। वाम गठबन्धनका नेताहरूले सरकार तत्काल छोड्ने विषयलाई जोड दिए पनि राष्ट्रियसभाको निर्वाचन र प्रदेशको अस्थायी राजधानी र प्रदेश प्रमुख तोक्ने विषयमा सहमति नजुटेपछि बैठकबिना निष्कर्ष सकिएको थियो।

बैठकपछि नेकपा एमालेका उपाध्यक्ष भीम रावलले नयाँ जनादेश आइसकेको अवस्थामा सत्ता हस्तान्तरणलाई ढिलाइ गरेकोप्रति आफूहरूले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताउनुभयो।

> एमालेका नेताहरूले राष्ट्रियसभा निर्वाचनको मिति नतोकेकोमा प्रधानमन्त्रीसमक्ष आपत्ति जनाउँदै राष्ट्रियसभा निर्वाचन माघ २५ मा गर्ने भन्ने हल्ला सत्य हो भने त्यो ठीक नहुने चेतावनी दिएका छन्।

'प्रतिनिधिसभाको समानुपातिकको परिणाम रोकाउने काम भएको छ, हामीले निर्वाचनअघि नै प्रदेशको राजधानी र प्रमुखबारे निर्णय गर्न माग गर्दा कुनै सुनुवाइ नै भएन', उहाँले भन्नुभयो- 'अब सत्ता हस्तान्तरणका लागि गर्नुपर्ने संवैधानिक र कानुनी काम सरकारले चाँडो गर्नुपर्छ भनेर प्रधानमन्त्रीलाई भन्यौं।'

बैठकमा वाम गठबन्धनका नेताहरूले प्रधानमन्त्री देउवाको आलोचना गरेका थिए। वाम गठबन्धनका नेताहरूले सरकारले दीर्घकालीन महत्त्वका कुनै निर्णय नगर्न चेतावनी दिँदै सरुवा बढुवा नगर्न आग्रह गरेका थिए। उपाध्यक्ष रावलले सरकारले निर्वाचन आयोगलाई दबाब दिएर नै निर्वाचनको परिणाम रोकाएको दाबी गर्नुभयो।

बैठकपछि नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सरकारले आवश्यक गृहकार्य गरेर प्रदेशको अस्थायी राजधानी तोक्ने र प्रदेश प्रमुखको नियुक्ति गर्ने बताउँदै राष्ट्रियसभाको निर्वाचनको मिति तोक्न सरकारले निर्वाचन आयोगसँग परामर्श गरिरहेको बताउनुभयो।

एमाले नेताहरूले काम चलाउ सरकारले नयाँ सरकार गठन प्रक्रिया अघि बढाउनेभन्दा पनि नियुक्ति सरुवा बढुवा र राज्यकोषबाट करोडौं रुपियाँ सत्ताधारीलाई बाँड्ने काम गरेकोप्रति प्रधानमन्त्री देउवासँग असन्तुष्टि जनाएका थिए। तर देउवाले एमालेका नेताहरूले लगाएको आरोपको खण्डन गर्दै आफूले कुनै गलत निर्णय नगरेको दाबी गर्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## केन्याबाट ७ नेपाली महिलाको उद्धार

काठमाडौं, (नेस)

वैदेशिक रोजगारका सिलसिलामा अफ्रिकी मुलुक केन्या पुगेका नेपाली महिलालाई भारतले उद्धार गरेको छ। ७ नेपालीसहित ३ भारतीय महिलालाई उद्धार गरिएको भारतीय विदेश मन्त्री सुष्मा स्वराजले बताउनुभएको छ।

मानव तस्करीमा संलग्न गिरोहले केन्याको बन्दरगा शहर मोम्बासामा भारतीयसहित नेपाली महिलालाई बन्दी बनाएको थाहा पाएपछि उद्धार गरिएको स्वराजले सामाजिक सञ्जाल ट्वीटरमार्फत जानकारी दिनुभएको छ। 'हामीले ३ जना भारतीय युवतीलाई उद्धार गरेका छौं, ७ जना नेपाली युवती पनि उद्धार गरिएका छन्।' -स्वराजले ट्वीटरमा उल्लेख गर्नुभएको छ।

संगठित मानव तस्कर समूहको फन्दामा परेर उद्धार गरिएका नेपाली र भारतीय महिलालाई भारत ल्याउने तयारी भइरहेको बताइएको छ। तर उद्धार गरिएका नेपालीबारे सरकारले बिहीबार अबेरसम्म विस्तृत सूचना पाउन सकेको छैन। यसबारेमा जिज्ञाशा राख्दा परराष्ट्र मन्त्रालयका सहायक प्रवक्ता रामबाबु ढकालले खबर थाहा पाउनेबित्तिकै दक्षिण अफ्रिकामा रहेको नेपाली दूतावासमार्फत सूचना लिने प्रयास भए पनि बिहीबार अबेरसम्म विस्तृत सूचना नआएको बताउनुभयो।

'त्यस्तो खबर थाहा पाउनेबित्तिकै मन्त्रालयले दक्षिण अफ्रिकामार्फत खबर बुझ्ने प्रयास जारी राखेको छ', उहाँले भन्नुभयो- 'अफ्रिकी दूतावासले केन्यामा रहेका अवैतनिक नेपाली वाणिज्यदूतमार्फत पनि सूचना लिने प्रयास गरेको छ।' मन्त्रालयकै एक उच्च स्रोतका अनुसार केन्यामा बन्धक बनाइएका नेपाली महिला स्थानीय डान्स बारमा काम गर्नेहरू हुन्।

## सहायक रथी विष्ट सैनिक हिरासतमा

नेपाल समाचारपत्र
काठमाडौं

बैंकिङ कसुर लागेका नेपाली सेनाका सहायक रथी डा. रमेश विष्टलाई सैनिक हिरासतमा राखेको छ। डा. विष्टलाई उपत्यका पृतना कार्यालय नारायणहिटी राखेर सेनाले कोर्ट मार्सल शुरू गरेको हो।

कृषि विकास बैंकको रकम हिनामिना प्रकरणमा सहायक रथी विष्ट पनि मुछिएका थिए। न्युरोड शाखाबाट हिनामिना गरिएको करिब पाँच करोडमध्ये ३३ लाख सहायक रथी विष्टको बैंक खातामा पाइएपछि उनीमाथि अनुसन्धान शुरू भएको सैनिक मुख्यालय स्रोतले जानकारी दियो।

बैंकको न्युरोडस्थित शाखा कार्यालयबाट चार करोड ९१ लाख हिनामिना भएको थियो। प्रहरीका अनुसार घटनाका मुख्य योजनाकार सहायक टेलर दीपिका रेग्मी हुन्। उनको मायाजालमा फसेर डा. विष्टले उक्त रकम आफ्नो खातामा राख्न अनुमति दिएका थिए।

### कक्षा ८ को परीक्षाफल घरमै

# ७ सय स्कुलको सबै विवरण अनलाइनमा

नेपाल समाचारपत्र
काठमाडौं

यो वर्ष कक्षा ८ मा परीक्षा दिएका विद्यार्थीले घरमै बसेर परीक्षाफल हेर्न पाउने भएका छन्। महानगरपालिकाका करिब ७ सय सरकारी र सामुदायिक विद्यालयका विद्यार्थीले घरमै बसेर परीक्षाफल हेर्न पाउने भएका हुन्।

स्थानीय तहले यो वर्षदेखि आधारभूत तहको कक्षा ८ को परीक्षा सञ्चालन गर्न थालेपछि सो व्यवस्था गर्न लागेको हो। काठमाडौं महानगरपालिका शिक्षा विभागले यो वर्षदेखि अनलाइनबाट परीक्षाफल हेर्ने व्यवस्था गर्न लागेको जनाएको छ। कामपालाई हाइटेक बनाउने योजनाअनुसार ७ सय ४४ वटा स्थानीय निकायमध्ये महानगरपालिकाले पहिलोपटक डिजिटलाइज प्रविधि अपनाएको हो।

कामपाका मेयर विद्यासुन्दर शाक्यले हिजो केएमसी डीईपीटी डट अफ ईडीयू वेबसाइट उद्घाटन गरेर विद्यालयको सम्पूर्ण विवरण अनलाइनमार्फत हेर्न सकिने जनाएको हो। मेयर शाक्यले महानगरपालिकाभित्र रहेका विद्यालयको परीक्षामा आईटी प्रविधि प्रयोग गरिएको जानकारी दिनुभयो।

यो वेबसाइटमार्फत विद्यालयको सम्पूर्ण विवरण जानकारी लिन सकिनेछ। यो वर्ष कक्षा ८ को परीक्षालाई लक्षित गरेर वेबसाइटको विकास गरेको जानकारी गराउँदै कामपा शिक्षा विभागका प्रमुख उपसचिव प्रल्हाद अर्यालले नयाँ शैक्षिक सत्रबाट विद्यालयको सम्पूर्ण विवरण अनलाइनमार्फत भर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो।

यसै वर्षबाट चैतमा सञ्चालन गर्ने तयारी भएको कक्षा ८ को परीक्षाको फारम अनलाइनमार्फत भर्नुपर्ने व्यवस्था गरेको छ। शैक्षिक सत्र २०७५ देखि महानगरक्षेत्रका सबै विद्यालयले अनलाइनबाटै विद्यालयको सम्पूर्ण विवरण पेस गर्नुपर्ने व्यवस्था महानगरले गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)



# महानगर

काकाले इटालियन सिरी ए क्लब एसी मिलानलाई च्याम्पियन्स लिग, सुपर कप र फिफा क्लब विश्वकपको उपाधि दिलाउन महत्त्वपूर्ण योगदान गरी सन् २००७ मा बेलोन डे ओर अवार्ड प्राप्त गरेका थिए।




# २०१७ मा संन्यास लिएका चर्चित फुटबलर

कविरस शर्मा
kabirash2006@gmail.com

जे-जस्तो विषय भए पनि उदाउने र अस्ताउने प्रक्रिया चलिरहन्छ। यो प्रक्रिया सबैतिर लागू हुन्छ। हरेक क्षेत्रझैं खेलकुदमा पनि वर्षैपिच्छे खेलाडी उदाउने र अस्ताउने गरेका छन्। यसै सन्दर्भमा सन् २०१७ मा आफ्नो सक्रिय खेल जीवनलाई पूर्णविराम लगाएका खेलाडी छन्। फुटबलबाट अस्ताएका केही विश्व चर्चित हस्तीका बारेमा यहाँ छोटो जानकारी प्रस्तुत गरिएको छ।

## काका

बेलोन डे ओर अवार्ड, च्याम्पियन्स लिग, फिफा विश्वकप, इटालियन सिरी ए, फिफा क्लब विश्वकप, युएफा सुपरकप, कोपा डेल रे कप र सुपर कोप्पा इटालियाना प्रतियोगिताको सूची लामो छन्। यी सबैको उपाधि उचाले ब्राजिलियन फुटबल हस्ती काकाले। ३५ वर्षीय काकाले गत डिसेम्बरमा सक्रिय खेल जीवनबाट बिदा लिइसकेका छन्। खेल जीवनको उत्तरार्द्धमा अमेरिकाको प्रतिष्ठित घरेलु फुटबल मेजर लिग सकर (एमएलएस) अन्तर्गत ओरल्यान्डो सिटीसँग आबद्ध उनले आफ्नो सम्झौता अवधि समाप्त भएलगत्तै फुटबलबाट संन्यासको घोषणा गरेका हुन्।

काकाले आफ्नो करियरलाई निक्कै झकिझकाउ बनाएका छन्। इटालियन सिरी ए क्लब एसी मिलानलाई च्याम्पियन्स लिग, सुपर कप र फिफा क्लब विश्वकपको उपाधि दिलाउन महत्त्वपूर्ण योगदान गरेर सन् २००७ मा उनले बेलोन डे ओर अवार्ड प्राप्त गरेका थिए। प्ले मेकर काकाले ब्राजिलको राष्ट्रिय जर्सीमा पनि गर्विलो इतिहास रचेका छन्। ब्राजिलबाट ९२ अन्तर्राष्ट्रिय म्याच खेलेका उनले २९ गोल गरेका छन्।

## आन्द्रे पिर्लो

'नो पिर्लो, नो पार्टी' यो भनाइ फुटबलमा २२ वर्ष समय खर्चेका आन्द्रे पिर्लोको सम्मानमा इटालियनबीच प्रचलित छ। इटालियन फुटबलका लेजेन्ड पिर्लोले गत नोभेम्बरमा सक्रिय खेल जीवनबाट संन्यासको घोषणा गरेका हुन्। पिर्लोले करियरको अन्तिम खेल अमेरिकी मेजर लिग सकरअन्तर्गत न्युयोर्क सिटीबाट समाप्त गरेका हुन्। आफ्नो सक्रिय खेलजीवनमा उनले आफ्नो टोलीलाई थुप्रै उपाधि दिलाउन महत्त्वपूर्ण योगदान गरेका थिए। जर्मनीमा सम्पन्न सन् २००६ को फिफा विश्वकपको उपाधि इटालीले जित्दा उनको भूमिका अतुलनीय रहेको थियो। त्यसबाहेक एसी मिलानलाई दुईपटक च्याम्पियन्स लिग दिलाउँदा मिडफिल्डमा उनले प्रमुख भूमिका निभाएका थिए। एसी मिलानबाहेक रोजोनेरी र युभेन्ट्सबाट गरी ६ पटक इटालियन सिरी ए को उपाधि उनले उचालेका छन्। ३८ वर्षीय पिर्लोले इटालियन राष्ट्रिय जर्सीमा १ सय १६ म्याचमा १३ अन्तर्राष्ट्रिय गोलसमेत आफ्नो नाममा लेखाएका छन्।







## फिलिप लाहम

जर्मनीको सबैभन्दा सफल फुटबल क्लब बायर्न म्युनिखको स्टेडियमबाट गत मेमा फुटबलबाट बिदा लिएको अर्को नाम हो फिलिप लाहम। हुन त जर्मनीको राष्ट्रिय टिमका पूर्वकप्तान लाहम त्यसअघि नै अन्तर्राष्ट्रिय फुटबलबाट बिदा भइसकेका थिए। उनले १ सय १३ म्याचपछि जर्मनीको राष्ट्रिय टोलीबाट बिदा लिएका थिए। सन् २०१४ को फिफा विश्वकप जर्मनीले उचाल्दा उनले टिम कप्तानका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

डिफेन्समा पर्खालसरह बन्ने फुलब्याक लाहम परिआएको बेला मिडफिल्डमा समेत जम्न सक्ने खुबी भएको खेलाडीमा गनिन्छन्। विशेषतः पेप ग्वार्डियोलाले बायर्न म्युनिखको प्रशिक्षण सम्हाल्दा उनी म्युनिखको मिडफिल्डमा पनि जमेका थिए। आफ्नो सक्रिय खेल जीवनमा ३४ वर्षीय लाहमले बायर्न म्युनिखलाई ८ पटक जर्मन बुन्डेसलिगाको उपाधि र ६ पटक डीएफबी पोकल्स तथा च्याम्पियन्स लिगको उपाधि दिलाएका छन्। लो नमा म्युनिखबाट २ वर्षका लागि स्टुटगार्टमा समेत आबद्ध भएका उनी बायर्नका हल अफ फेमर हुन्।

## फ्रान्क लाम्पार्ड

इंग्ल्यान्डका हाई प्रोफाइल खेलाडीमध्ये एक हुन् मिडफिल्डर फ्रान्क लाम्पार्ड। गत फेब्रुअरीमा उनले फुटबलबाट बिदा लिएका हुन्। अमेरिकाको मेजर लिग सकरअन्तर्गत न्युयोर्कबाट उनले आफ्नो अन्तिम म्याच टुंग्याएका थिए।

३९ वर्षीय चेल्सीका पूर्वस्टार लाम्पार्ड वेस्टह्याम युनाइटेडको युथ एकेडे मीबाट उदाएका हुन्। १३ वर्ष चेल्सीमा बिताउँदा उनी सम्मिलित टो लीले ३ पटक इंग्लिस प्रिमियर लिगको उपाधि, ४ पटक एफए कप, ईएफएल कप र च्याम्पियन्स लिगको उपाधि उचाले। उनी दुईपटकसम्म चेल्सीको सर्वाधिक गोलकर्ता सूचीमा अटाएका थिए। यतिमात्र होइन इंग्ल्यान्डको राष्ट्रिय जर्सीमा १ सय ६ खेलमा उनले २९ गोल गरेका छन्।

यीबाहेक सन् २०१७ मा फुटबलबाट संन्यास लिने अन्य सम्झनलायक फुटबलरमा डर्क कुएट, भिक्टर भाल्डेज, मार्टिन डेमिचेलिस र अल्भारो अर्बेलो रहेका छन्।






## जाबी एलोन्सो

स्पेनको राष्ट्रिय टोलीका पूर्वमिडफिल्डर जाबी एलोन्सोले पनि बायर्न म्युनिखबाट नै आफ्नो खेल जीवन त्यागेका हुन्। फुटबलबाट संन्यास लिएका उनले १८औं सिजन पूरा गरेका थिए। लिभरपुल, रियल मेड्रिड हुँदै उनले बायर्न म्युनिखमा आफ्नो १८औं सिजन र खेल जीवन टुंग्याएका हुन्।

सटिक पास उपलब्ध गराउन माहिर ३६ वर्षीय एलोन्सोले सन् २००५ को च्याम्पियन्स लिगअन्तर्गत लिभरपुल र एसी मिलानविरुद्धको खेल अविस्मरणीय बनाएको छ। लिभरपुलले टाइब्रेकरमा ३-२ ले जितेको उक्त खेलको पहिलो हाफसम्म ३-० ले पछि परेको लिभरपुललाई दोस्रो हाफमा बराबरीमा ल्याउन उनले तेस्रो गोल फर्काएका थिए।

योबाहेक एलोन्सो सम्मिलित टोलीले सन् २०१४ मा ला डेसिमा जित्नुका साथै तीनपटक जर्मन बुन्डेसलिगा, दुईपटक ला लिगा, युएफा सुपरकप, एफए कप, कोपा डेल रे, डीएफबी पोकल, डीएफएल सुपरकप, सुपर कोपा डे इस्पाना र कम्युनिटी शिल्डको उपाधि जितेका छन्।

स्पेनिस राष्ट्रिय टोलीबाट पनि १ सय १४ म्याच खेलेका एलोन्सोको योगदान अतुलनीय छ। सन् २००८ देखि २०१२ सम्ममा स्पेनले दुईपटक युरोपियन कप र एकपटक फिफा विश्वकप जित्दा उनी स्पेनका महत्त्वपूर्ण खेलाडी बनेका थिए।



## फ्रान्सिस्को टो ी

'द फेस अफ रोम' र 'वान क्लब म्यान' बाट परिचित छन् इटालियन फुटबलका हस्ती फ्रान्सिस्को टोट्टी। गत मेमा इटालियन क्लब एफसी रोमाबाट अन्तिम म्याच खेलेपश्चात् उनले स्टडियो ओलम्पिकको रंगशालाबाट आँशु झार्दै फुटबलबाट संन्यासको घोषणा गरेका थिए।

उनले कुल ७ सय ८६ म्याचमा ३ सय ७ गोल गर्दै फुटबलबाट बिदा लिएका हुन्। यतिमात्र होइन, सन् २००६ मा इटालीले चौथोपटक फिफा विश्वकपको उपाधि जित्दा उनी टिमका महत्त्वपूर्ण सदस्य थिए। योबाहेक सन् २०००/२००१ सिजनमा रोमालाई इटालियन सिरी ए उपाधि दिलाउँदा उनको भूमिका अविस्मरणीय बनेको थियो।

२५ वर्ष सक्रिय फुटबल करिअरमा उत्कृष्ट प्रदर्शन गरे पनि उनको पोल्टामा भने उपाधि संख्या भने कमैमात्र रहेको छ। इटालियन सिरी ए मा २ सय ५० गोल कटाउने उनी २ सय ७४ गोल गरेका सिल्भियो पियोलापछि दोस्रो स्थानमा रहेका छन्। खेलाडी जीवनबाट बिदा लिए पनि ४० वर्षीय टोट्टी हाल रोमाको निर्देशकका रूपमा फुटबलसँग जोडिएका छन्।

# कान्छीको ज्यान दाउमा



नायिका तथा निर्मात्री श्वेता खड्को निर्माणमा बनेको फिल्म *कान्छी*को दोस्रो गीत बिहीबार सार्वजनिक भएको छ। *यो ज्यान दाउमा लाउने मैले तिम्लाई मात्र हो* बोलको यो गीतको भिडियोमा दयाहाङ राई, श्वेता खड्का, अशान्त शर्मा, अनु शाहलगायतलाई फिचरिङ गरिएको छ।

धर्मेन्द्र सेवानको श्वर र अर्जुन पोखरेलको संगीत रहेको मेलोडियस गीतमा शब्द रचना दयाराम पाण्डेको रहेको छ। वसन्त श्रेष्ठको कोरियोग्राफी रहेको गीतलाई पुरुषोत्तम प्रधानले छायांकन गरेका छन्। आकर्षक लोकेसनमा खिचिएको यो गीत दर्शनीय बनेको छ। फिल्म आकाश अधिकारीले निर्देशन गरेका हुन्।

शैलश खड्कासमेत निर्माता रहेको फिल्ममा दयाहाङ, श्वेता, अशान्त, कामेश्वर, अनुका साथमा प्रज्वल सुजल गिरी, विनोद न्यौपाने, रमेश अधिकारी, जयनन्द लामा, नीर शाह, भूमिका श्रेष्ठले प्रमुख भूमिकामा अभिनय गरेका छन्।

फागुन ४ गते अल नेपाल रिलिज हुन लागेको फिल्ममा लेखन याम थापा र द्वन्द्व हिमाल केसीको रहेको छ। फिल्म बनिश शाह र भूपेन्द्र अधिकारीले सम्पादन गरेका छन्।

यसअघि सार्वजनिक *कान्छीकै चरी चट्ट* बोलको गीतको भिडियो ७२ लाख ५० हजार बढीले हेरेका छन्।

# शाहरुख जिरो!

बलिउड नायक शाहरुख खानको पछिल्ला केही फिल्म लगातार फ्लप भइरहेका छन्। त्यस कारण पनि उनी त्यस्तो फिल्मको खोजीमा छन्, जुन फिल्मले उनको स्टारडमलाई बचाइराखोस्।

यही क्रममा उनले निर्देशक आनन्द एल राएसँग दोस्ती अडाडि बढाएका थिए। फलस्वरूप उनी अब नयाँ फिल्म *जिरो* लिएर आउँदै छन्।

मानिसमा कौतुहलता थियो कि यति ठूलो हिरोको फिल्मको नाम कसरी जिरो भयो। हालै रिलिज भएको यो फिल्मको टिजर र पोस्टरले भने यो प्रश्नको जवाफ मज्जैले दिएको छ। यसबाट उनले दर्शकको सराहना बटुल्न सफल पनि भएका छन्। उनी फिल्ममा होचा व्यक्तिको भूमिकामा देखिएका छन्। त्यसो त उनले आफ्नो फिल्मी करिअरमा हरेक प्रकारको भूमिका निर्वाह गर्दै आएका छन्। तर, यस्तो खालको भूमिका भने पहिलोपटक निर्वाह गरेका हुन्। उनले पोस्टर तथा ट्रेलर रिलिजको क्रममा भनेका छन्- 'हामी जसको पछि लाग्छौं, लाइफ बनाइदिन्छन्।' फिल्ममा उनको रूप मन पराइएपछि अब दर्शक उनको फिल्म रिलिजको पर्खाइमा छन्।

निर्देशक आनन्द एल रायका अनुसार *जिरो*लाई सेलिब्रेट गर्न चाहन्थे। 'एक अपूर्ण व्यक्ति हुनु कुनै ठूलो कुरा होइन। अधुरो हुनुका बीच पनि आफ्नै सुन्दरता छ' -निर्देशक रायले भनेका छन्। यस फिल्ममा शाहरुखको साथमा कट्रिना कैफ, अनुश्का शर्मा आदिको अभिनय रहेको छ। फिल्म डिसेम्बर २१ मा रिलिज हुँदै छ।





# आज हेटौंडामा म्युजिकल नाइट

हेटौंडा, (नेस)। आज शुक्रबार साँझ हेटौंडामा हुने *म्युजिकल नाइट* २०७४ मा नायिकाहरु सुष्मा कार्की, मरिश्का पोखरेल र दीपाश्री निरौला आउने भएका छन्। कार्यक्रममा नायक आकाश अधिकारी, नायिका श्वेता खड्का, नायक यशराज गराचलगायतले प्रस्तुति दिनेछन्।

म्युजिकल नाइटमा गायिका अञ्जु पन्त, गायक तथा संगीतकार राजनराज शिवाकोटी र गायक युवराज चौलागाईंले पनि गायकी प्रस्तुत गर्नेछन् भने हास्य विधाका चर्चित अनुहार जितु नेपाल र केदार घिमिरे (माग्ने बुढा) ले कमेडी प्रस्तुत गर्नेछन्।

नेपाल उद्योग वाणिज्य महासंघको चलचित्र तथा मनोरञ्जन फोरमले आयोजना गर्न लागेको *म्युजिकल नाइट २०७४* मा संगीत, फिल्म तथा हास्य विधासँग सम्बन्धित कलाकारहरु प्रस्तुतिका लागि हेटौंडा आउने भएका हुन्। हेटौंडामा राष्ट्रिय कलाकारको जम्बो टोलीले विभिन्न मनोरञ्जनात्मक प्रस्तुति दिनेछन्। नेपाली चलचित्र तथा गीत-संगीत क्षेत्रको प्रवर्द्धन, गीत तथा संगीतका माध्यमबाट स्थानीय आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यसाथ नेपाल उद्योग वाणिज्य महासंघको दैवी प्रकोप राहत उद्धार कोषको सहयोगार्थ कार्यक्रम हुन लागेको हो। हेटौंडाको रिगल रिसोर्टमा हुने सांगीतिक कार्यक्रम करिब ३ घण्टाको हुने चलचित्र तथा मनोरञ्जन फोरम उद्योग वाणिज्य महासंघ सभापति आकाश अधिकारीले बताए।

# सेन्सर बोर्डमा खलनायक खड्का



खलनायक उमेश खड्का केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) को सदस्य नियुक्त भएका छन्। लामो समयदेखि चलचित्रमा खलनायकका रूपमा अभिनय गर्दै आएका खड्का सूचना तथा सञ्चार मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट बोर्ड सदस्य नियुक्त भएका हुन्।

उनी २ वर्षका लागि सेन्सर बोर्ड सदस्य नियुक्त भएका हुन्। *कहाँ भेटिएला, माया नमार, गंगाजल, तृष्णा, बोस, आवारा, लावारिस, जीवनदाता*लगायत पाँच दर्जन बढी चलचित्रमा खलपात्रको भूमिका निर्वाह गर्दै आएका खड्का पछिल्ला चलचित्रमा छाउँदै आएका छन्।




# भिडियोमा वसन्तीको देशको राजा

गायिका वसन्ती लामा र राज सरगमको स्वरमा आधुनिक गीत *मायाको देशको राजा* म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। दिनेश सुवेदीको शब्द रहेको गीतमा संगीत सयोजन तथा संगीत बाबुल गिरीले तयार पारेका छन्।

युवायुवतीको प्रेमलाई विषय बनाई रोमाञ्चक शैलीमा निर्माण गरिएको भिडियोमा मोडल सपना केसी र एसएलएसको अभिनय रहेको छ। आफ्नो अन्य गीतजस्तै यो गीतबाट पनि दर्शकको माया पाउने विश्वास रहेको गायिका वसन्ती लामाले बताइन्।

संगीत सागरले निर्देशन गरेको भिडियोलाई शिवानी सागरले सहनिर्देशन गरेकी छिन्। म्युजिक भिडियोको दृश्य निर्माण दीपक एन्ड किस्मत फिल्मी चक्करले गरेका हुन् भने छायांकन अनिल पुनले गरेका छन्।





# विचार

पागल हो ऊ, जो आफूलाई भाग्यवादी हुँ भन्छ।
- जर्जबर्नार्ड शा

तिमी आफैं आफ्नो जीवन बनाउन र बिगार्न सक्छौ, सोच र गर।
- अल्वा एडिसन

## सम्पादकीय

# आलोपालो होइन स्थिर सरकार बनाऊ

संविधान कार्यान्वयनका क्रममा स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेको छ। प्रतिनिधिसभाको निर्वाचन परिणामले अब वाम गठबन्धनको सरकार बन्ने पनि निश्चित भइसकेको छ। साँच्चै भन्ने हो भने अब राज्य सञ्चालनमा एउटा प्रणाली बसिसकेको छ। तर अबको सरकारको नेतृत्व दुई वाम घटकका शक्तिशाली नेता केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले आलोपालो गर्ने कुरा बाहिर आएकाले यदि त्यसो हो भने सरकार स्थिर नहुने सम्भावना बढेर गएको छ। जसले नेतृत्व लिए पनि विगतमा जस्तो आलोपालो गरेर राज्य सञ्चालन गर्नु मुलुकका लागि हित हुने देखिँदैन।

मुलुकको समृद्धि र विकासका लागि स्थिर सरकार अपरिहार्य छ। अहिले सरकार बनाउने अवसर वाम गठबन्धनले पाएको छ। सरकारको नेतृत्व पनि पूरा कार्यकालभरि एउटैले लिन सक्ने अवस्था छ, खाली वाम गठबन्धनका प्रमुख नेताहरुमा इच्छाशक्ति हुनुपर्‍यो। नेतृत्वमा आलोपालो नगरी सरकार स्थिर भएमा मुलुकमा समृद्धि र विकासले फड्को मार्नेछ। सरकार परिवर्तन भइरहँदा मान्छे फेरिइरहने र योजना, नीतिनियम, विकासका तरिका र बाटाहरु पनि परिवर्तन भइरहने हुन्छ। यस अवस्थामा व्यक्तिगत, पार्टीगत एवं जश–अपजशका कुराहरुले प्राथमिकता पाउँछन् अनि मुलुकको विकास कसरी अगाडि बढ्न सक्छ ?

यतिखेरको अवस्थामा राजनीतिक अस्थिरताको अन्त्य भएको छ। साथै मुलुकमा विद्यमान संक्रमणकालीन अवस्थाको पनि अन्त्य भएको मान्न सकिन्छ। पछिल्लो राजनीतिक अवस्थालाई लिएर सकारात्मक टिप्पणीहरु भइरहेकाले जनतालाई पनि अब त केही होला कि भन्ने लाग्नु स्वाभाविक नै हो। यसले गर्दा जनता आशावादी भएका छन्। लामो समयदेखि निराशाजनक अवस्थामा पुगेका नागरिकलाई अबको सरकारले निराश बनाउनुहुँदैन।

सरकार स्थिर भएमा यहाँ स्वदेशी उद्योग, कलकारखानामा लगानी गर्नका लागि रकमको खाँचो देखिँदैन। विश्वासिलो ठाउँमा लगानी गर्न नपाएर लगानीकर्ताहरु छटपटिएको देखिन्छ। बेलाबखत शेयर खरिदका लागि सूचना आह्वान गर्दा आवेदकहरुको घुइँचो लाग्ने र मागभन्दा सयौं गुणा आवेदन पर्ने गरेको यथार्थले पनि यस कुरालाई पुष्टि गरेको छ। अब बन्ने सरकारले यस कुरालाई हृदयङ्गम गर्नुपर्छ। अब बन्ने वाम गठबन्धनको सरकारले चुनावी परिणामलाई अवसरको रुपमा लिएर जलविद्युत्, कृषि उद्योग एवं अन्य उद्योगधन्दाहरु सञ्चालन गर्न सकेमा विकास, रोजगारी र समृद्धिका नारालाई वास्तविकतामा परिणत गर्न सकिन्छ। यसका लागि आलोपालो नगरी स्थिर सरकार अपरिहार्य छ।

# एमाले-माओवादी एकता बाध्यता कि आवश्यकता ?


दीपक खनाल

> एमाले माओवादीसँगको एकताबाट पर जान नसक्ने अवस्थामा छ। माओवादीका लागि पनि एकता बाध्यता नै हो। किनकि हालै सम्पन्न निर्वाचनको जनादेश तोडेर अगाडि बढेमा वा एकतामा नगएमा जनताले माओवादीलाई नै पहिलो अर्घेलो देख्नेछन्। त्यसको प्रतिक्रिया अर्को चुनावमा माओवादीविरुद्ध प्रकट हुनेछ।

जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने नेकपा (एमाले) र एक्काइसौं शताबदीको जनवादद्वारा कार्यकर्तालाई प्रशिक्षित गर्दै आएको नेकपा (माओवादी) केन्द्रबीच पार्टी एकता हुने चर्चाले राष्ट्रिय/अन्तर्राष्ट्रिय बजार पिटिरहेको छ। कतिपय नेताहरूको भनाइलाई विश्लेषण गर्दा यसबाट केही छिमेकीसमेत भूलभुलैयामा परिरहेका छन्। र, यो एकता प्रयास विफल पार्न कम्मर कसेर लागिरहेका छन्। तर दुवै पार्टीका शीर्ष नेताका कुरा सुन्दा एमाले र माओवादी केन्द्रबीचको एकता लगभग पक्काजस्तै देखिएको छ। यसको प्राविधिक पक्ष अर्थात् नेतृत्वको व्यवस्थापन मात्र मिलाउन बाँकी हो।

आमजनता र पत्रकार २०७४ को बडादशैंको उल्लासमा रमाइरहेको बेला चुनावी तालमेलसहित पार्टी एकतासम्मकै टुङ्गोमा पुगेका दुवै पार्टीका माथिल्लो तहका नेताहरू पार्टी एकता संयोजक समिति नै बनाएर त्यही गृहकार्यमा लागिरहेबाट पनि यो अभियानको अन्तिम गन्तव्य एकता नै हुने देखिन्छ। पार्टी एकताको नारासहित गत मंसीर १० र २१ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा होमिएका यी दुई पार्टीलाई जनताले त्यहीअनुसारको जनादेश पनि दिएका छन्। अर्थात् चुनावी परिणाम वा जनादेश दुई पार्टीलाई एकता नै गर्ने दबाबसहित प्राप्त भएको छ। त्यसैले अहिले यी दुई पार्टी एकताले बजार तताई नै रहेको छ, यो सालको मीनपचास शुरु भइसक्दा पनि।

एकता दुवै पार्टीका लागि बाध्यता कि आवश्यकता भन्ने विषयमाथि उत्तिकै घोत्लिन जरुरी छ यति बेला। गौर विश्लेषण गर्दा यो एकता प्रयास बाध्यता र आवश्यकता दुवै हो, दुवै पार्टी र तिनका नेताका लागि। बाध्यता यो मानेमा कि एमालेलाई माओवादीसँग नमिली सुखै छैन। एकातिर माओवादीसँग तालमेल नगरेको भए एमालेलाई प्रत्यक्ष र समानुपातिकतर्फ अहिले आए जति उपलब्धि प्राप्त हुन गाह्रै हुनसक्थ्यो। ऊ पहिलो पार्टी नबन्न पनि सक्थ्यो। अर्कोतिर माओवादीसँग नमिली उसलाई सरकार चलाउन नै धौ-धौ हुनेछ। माओवादीलाई बिच्क्याएमा माओवादी नेपाली कांग्रेसलगायतका दलसँग सहकार्य गरी सरकार बनाउन जान सक्नेछ। कतिपय विदेशी शक्तिहरूले चाहेको पनि यही देखिन्छ। त्यसपछि एमाले जोड-घटाउको अस्थिर सरकार निर्माणकै लागि अङ्क खोज्न मधेसी जनअधिकार फोरमलगायतका दलको पुच्छर समात्न बाध्य हुनेछ, जसले दीर्घकालीनरूपमा एमालेलाई नै फाइदा गर्नेछैन। त्यसैले एमाले माओवादीसँगको एकताबाट पर जान नसक्ने अवस्थामा छ। माओवादीका लागि पनि एकता बाध्यता नै हो। किनकि हालै सम्पन्न निर्वाचनको जनादेश तोडेर अगाडि बढेमा वा एकतामा नगएमा जनताले माओवादीलाई नै पहिलो अर्घेलो देख्नेछन्। त्यसको प्रतिक्रिया अर्को चुनावमा माओवादीविरुद्ध प्रकट हुनेछ। एमालेसँग प्राविधिक तालमेल नगरेको भए माओवादीलाई प्रत्यक्षतर्फको निर्वाचनमा ३६ सिट शायदै हात लाग्ने थियो। अतः माओवादीको मूल संस्थापन पक्ष एमालेसँग जसरी पनि मिल्न आतुर र बाध्य छ।

यहाँनिर नेताद्वय ओली र प्रचण्डको उच्च महत्वाकांक्षाले पनि घर गरेको छ। माओवादी अध्यक्ष प्रचण्ड महत्वाकांक्षी मान्छे हुन्। उनलाई एमाले-माओवादीसहितको ठूलो पार्टीको अध्यक्ष बन्ने महत्वाकांक्षा जागेको छ। समय र परिस्थितिले साथ दिएमा वा आगामी दिनमा एकीकृत पार्टीलाई आफ्नो सफल नेतृत्वमा हाँक्न सकेमा उनी मुलुकको कार्यकारी राष्ट्रपतिसमेत बन्न चाहन्छन्। प्रचण्ड सधैं एउटा कुरा भन्ने गर्छन्- काग कराइरहन्छ, पिना सुकिरहन्छ, कुकुर भुकिरहन्छ, हात्ती लस्किरहन्छ। प्रचण्ड डाइनामिक क्षमता भएका अर्थात् लेफ्ट-राइट, अप-डाउन गर्न सक्ने शैली भएका नेता हुन्। आफैंले बनाएको घर भत्काएर पुनः नयाँ बनाउन पनि माहिर छन् उनी अर्थात् उनी उनकै शब्दमा नयाँ-नयाँ छलाङ मार्न पनि बहुतै सिपालु छन्। डा. बाबुराम भट्टराई, मोहन वैद्य, रामबहादुर थापा, नेत्रविक्रम चन्दजस्ता अति निकट आफ्नै हितैसी सारथीले छोडेर जाँदा पनि एक्लै दौडने प्रचण्ड फेरि एमालेसँगको नयाँ यात्रामा हिँड्न तयार भएका हुन सक्छन्। यद्यपि प्रचण्डलाई अहिले कुन बाटो लिऔं भन्ने दोधार हुनसक्छ। नेपाली कांग्रेसबाट पाँचबर्से स्थायी प्रधानमन्त्री बनाउने अफर आइसकेको छ। तर उनले अहिले एमालेसँगको एकताको बाटो लिनु नै ठीक देखिन्छ। किनकि उनले यो एकतालाई बेवास्ता गरी दायाँ मोडिएमा उनलाई समयले फेरि साथ नदिन सक्छ। पार्टी एकताको नारा दिएर नै उनीहरूलाई यस्तो जनादेश प्राप्त भएको हो। किनकि यस्तो नारा नदिएको भए एमाले र माओवादीको आकार यति ठूलो हुने थिएन। हो, त्यसैले उनी अब अर्को एकपटक पार्टीका दुई-चार जना 'बार्गेनर'लाई पुरानो यात्रामै छाडेर आफू नयाँ यात्रामा अघि बढ्न खोज्दै छन्।

एमाले अध्यक्ष ओलीलाई पनि आफ्नो प्रधानमन्त्रीत्वमा चलाएको छोटो अवधिको सरकारको नशाले चित्त बुझेकै छैन। त्यसैले उनी यो गठबन्धनपछि लामो समयको प्रधानमन्त्री हुन चाहन्छन्। आफ्नै शरीर कमजोर भएको र औषधिले बाँचिरहेको अवस्थामा 'फुल टाइमर' प्रधानमन्त्री भएर केही गरौं भन्ने लालसा हुनसक्छ उनको अन्तर्यमा। अर्कोतिर दुवै पार्टीमा अहिले लिडरसिपको कमी छ। एमालेमा पनि त्यही 'क्राइसिस' छ। मदन भण्डारीपछि ओलीले आफ्नो अध्यक्षकालमा जति छिटो एमालेलाई जुरुक्कै उठाए, त्यसअघिको नेतृत्वले शायदै उठाउन सकेको थियो। ओली अध्यक्ष हुनुअघि एमालेमा गुटैगुट थियो। त्यो गुट भित्रभित्रै चलमलाइरहेको भए पनि ओलीले नेतृत्व लिएपछि पहिलेजस्तो बाहिर प्रकट हुन पाएको छैन। एमालेको योगेश भट्टराई, रवीन्द्र अधिकारीजस्ता क्रियाशील मार्काले ओलीपछि आफ्नो पार्टी हाँक्ने 'डाइनामिक' मुख्य नेतृत्व देख्न सकेको छैन। त्यसैले यो पुस्ता प्रचण्डजस्तो नेतालाई अध्यक्ष मान्न तयार भएको हुनसक्छ। किनकि झलनाथ खनाल, माधवकुमार नेपाल, वामदेव गौतमको पूर्व मूल नेतृत्वबाट यो युवापुस्ता त्यति खुश देखिँदैन। त्यसैले अझै पनि ओली एमालेभित्रकालाई भन्दा प्रचण्डलाई पार्टीको नेतृत्व दिन तयार भएका हुनसक्छन्। अर्कोतिर माओवादीमा पनि नेतृत्वको 'क्राइसिस' छ। प्रचण्ड नै अहिलेसम्मकै प्राधिकार हुन्। उनीबाहेक नेतृत्व सम्हाल्न सक्ने 'डाइनामिक' नेता माओवादीमा देखिँदैन। त्यसैले उनी पनि एमाले र माओवादी मिलाएर नयाँ बन्ने पार्टीभित्रैबाट नयाँ नेतृत्व उमार्न चाहन्छन्।

आवश्यकता यो मानेमा कि यी दुवै पार्टी साँच्चै कम्युनिस्ट हुन्, दुवैको लक्ष्य समाजवाद-साम्यवाद नै हो भने अब फरक-फरक भान्सा गरेर बस्न जरुरी छैन। पाँचबर्से स्थायी सरकार बनोस् भनेरै जनताले बहुमत दिएका हुन् एमाले-माओवादी गठबन्धनलाई। हुन पनि मुलुकमा सिद्धान्तवादी कम्युनिस्टहरूकै वर्चश्व छ। कम्युनिस्ट विचारधाराका जनता पनि बढी छन्। सबै कम्युनिस्ट मिल्दा मुलुक हाँक्ने तागत झन् बलियो हुन्छ। यो तागतबाट नेपाललाई सधैं खेलाउँदै आएको र नेपालको स्थायी विकास नचाहने वैदेशिक शक्ति दीर्घरूपमा पाखा लाग्नेछ। मुलुकलाई आर्थिकलगायत अन्य समृद्धिको बाटोमा लाग्न मार्गप्रशस्त हुनेछ। विगतमा यी दुई पार्टीले सामान्य तालमेल गर्दा मुलुकले पहिलो महिला राष्ट्रपति र सभामुख बनाएर इतिहास रचेको थियो। झिनामसिना कुरा, पदीय स्वार्थमा नभुल्दा मुलुकमा नयाँ इतिहास नै रचिँदो रहेछ। अब पनि सीमित लोभ र स्वार्थ त्यागेर अघि बढेमा एमाले र माओवादीको सहवासबाट जन्मने नयाँ पार्टीले धेरै गर्न सक्ने देखिन्छ। सिद्धान्ततः कम्युनिस्ट चरित्र गुमाइसकेका भए पनि यिनीहरू मिलेर एउटै पार्टी र पाँचबर्से स्थायी सरकार बनाएमा जनपक्षीय कार्य गर्न सकिने धेरै प्रबल सम्भावनाहरू छन्। सैद्धान्तिक हिसाबले संविधानमा नै समाजवाद लेख्न सफल भइसकेका यी दुई पार्टीले भित्रैदेखि चाहेमा वास्तविक समाजवादी समाज निर्माण हुन नसक्ने स्थिति छैन। नेपाली कांग्रेससमेत सैद्धान्तिकरुपले प्रजातान्त्रिक समाजवादी भएकाले र संविधानमा समाजवाद लेख्न तयार भइसकेकाले उसलाई समेत त्यहाँसम्म लैजान सकिन्छ। अतः नेतृत्व व्यवस्थापनलाई कुशलापूर्वक टुङ्गो लगाउन सकेमा एमाले र माओवादीको मिलन पक्कै हुनेछ। माथिल्लै प्रसंगमा भनिएजस्तै यो एकता दुवै पार्टी, दुवै पार्टीका नेताका लागि बाध्यता हो भने जनता र राष्ट्रको कालजयी प्रगति, उन्नति र समृद्धिका लागि ऐतिहासिक आवश्यकता हो।

## पाठक पत्र

### कहिलेसम्म यस्तो देउवा सरकार !

एक वर्षमा सरकारले ८३ करोड रुपियाँ बाँडेको समाचार प्रकाशित भइरहँदा भूकम्पपीडितले चिसोमा खुल्ला आकाशमुनि सुत्नुपरेको अवस्था छ। सरकार पहुँचवालाका लागि मात्रै र सरकारमा हुने दलका कार्यकर्ताको मात्रै भएजस्तो तरिकाले सरकारले यस्तै मनलाग्दी गर्दै जाने हो भने नेपाली जनता सधैं मर्दै जाने अवस्था आउँछ। यो गम्भीर सवालसमेत हो। पुसको कठ्यांग्रिँदो चिसोमा भुइँमै बोरा ओछ्याएर पढ्न बाध्य बालबालिकाको पीडादायी कुरा, भूकम्पपीडितको समस्या, खान नपाएर सडकमा भौंतारिएका वृद्धवृद्धा ती सबैलाई हेर्दा सरकार नेपालको हैन, कुन मुलुकको हो भनेजस्तै भान हुन्छ।

यहाँ जनता हैन देशका पहुँचवाला भीआईपी र सरकारसम्म पहुँच पुर्‍याउन सक्नेहरुको रवाफ भने सोचेभन्दा कैयौं गुणा रहेको देखिन्छ। रोइकराइ गरी मागेरै भए पनि आफ्नो थैली भर्ने र भरिदिनेहरु एउटै कोटीका नागरिक हुन्। हालै मात्र सरकारले ऊर्जामन्त्री कमल थापाको प्रस्तावमा मन्त्रिपरिषद्का तत्कालीन उपाध्यक्ष तुलसी गिरीलाई २५ लाख रुपियाँ आर्थिक सहायता दिने निर्णय गर्‍यो। यस्तै मन्त्रिपरिषद् बैठकले पूर्वसभामुख तारानाथ रानाभाटलाई आर्थिक सहायतास्वरुप ७० लाख रुपियाँ उपलब्ध गराउने निर्णय गर्‍यो। सरकारले एक वर्षअघि आफैंले बनाएको कार्यविधि मिचेर मनलाग्दी पैसा बाँड्दै हिँड्नुलाई राम्रो मानिदैन। सरकारले कार्यकर्ता र आसेपासेलाई मनलाग्दी पैसा बाँड्दै हिँडेमा नेपाली जनताले स्वीकार्दैनन्।

निर्वाचनमा दलको रुपमा स्थापित हुने भए जोसुकै दलले सेवाको भावले नेपाली जनतालाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्छ। हैन भने निर्वाचन कुरेर फेरि उत्तानो पार्न बेर लाउँदैनन्। दलका नेता र कार्यकर्तालाई आर्थिक सहायता र स्वास्थ्य उपचारका नाममा लाखौं रुपियाँ वितरण गरेको छ। यो निकै लाजमर्दो विषय हो। देउवाको नैतिकतामाथिको प्रश्नचिह्न हो। राष्ट्रिय ढुकुटीमा ब्रह्मलुट गर्ने २०७३ माघयता बनेको शेरबहादुर देउवा र पुष्पकमल दाहाल नेतृत्वको सरकारले ८२ करोड ७५ लाख रुपियाँ दलका नेता तथा कार्यकर्तालाई बाँडेको देखिनुले नेपाली जनताले तिरेको करको कति सदुपयोग भयो भन्ने स्पस्ट हुन्छ। नेपालमा विकास निमार्णका काम किन हुँदैनन् भन्ने पनि यसले निर्धारण गरेको हुन्छ।

सरकारले पूर्वराष्ट्रपति रामवरण यादवलाई अमेरिकामा उपचार गर्दा लागेको खर्च भन्दै ५० लाख ९७ हजार ७ सय २४ रुपियाँ निकासा मात्रै गरेन, डा यादवलाई मासिक घरभाडाबापत मासिक १ लाख ६० हजार रुपियाँ दिने निर्णय गरेको छ। यो निर्णय कुन हदसम्म उपयुक्त होला ? जनताले आफैं मूल्यांकन गर्ने विषय हो। राष्ट्रिय ढुकुटीमा निरन्तर ब्रह्मलुट मच्चाएको कार्यको सर्वसाधारणले जति नै विरोध गरे पनि सरकारले न त दलका नेता र कार्यकर्तालाई नियम विपरीत लाखौं रुपियाँ बाँड्न छाडेको छ, न त 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७३' को पालना नै गरेको छ। एकातिर पहुँच र प्रभाव हुनेहरुले राज्यकोषबाट सुविधा लिइरहने र अर्कोतिर सर्वसाधारण शीतलहर र चिसोमै थलिएर मर्नुपर्ने नियतिबीचको दूरी नेपालमा कहिलेसम्म बढिरहने हो ? सरकारले जवाफ दिनुपर्छ।

यही सरकारले बनाएको आर्थिक सहायता कार्यविधिमा राष्ट्रिय जीवनमा महत्वपूर्ण व्यक्तिलाई औषधोपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने उल्लेख छ। मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, कलेजो, थालिसिमिया, मस्तिष्कघात, सिकलसेल एनिमियाजस्ता कडा रोगको उपचारका लागि आफूले खर्च बेहोर्न नसक्ने भए नेपालमा वा विदेश गई उपचार गराउँदा सरकारले तोकेको रकममा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराउन सक्ने कुरा उल्लेख गरिएको छ। तर सरकारले मापदण्डभन्दा बढी रकम वितरण गर्दै आएको छ, त्यो पनि आसोपासेलाई। पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीशका हकमा बढीमा १५ लाख रुपियाँ तथा पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्वसांसद, संवैधानिक निकायका पूर्वपदाधिकारीका हकमा बढीमा १० लाख रुपियाँसम्म दिने स्पष्ट व्यवस्था कार्यविधिले गरेको छ। यस्तै राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्‍याएका विभिन्न विधाका व्यक्तिलाई बढीमा ७ लाख रुपियाँसम्म दिन पाउने उल्लेख छ। यस्तो आर्थिक सहायता बिरामीले सरकारी वा सामुदायिक अस्पतालमा उपचार गराएमात्र पाउने भए पनि स्वदेशका अस्पतालमा उपचार सम्भव हुँदाहुँदै आफूखुशी विदेशी अस्पतालमा उपचार गराएकाले समेत आर्थिक सहायताका नाममा रकम पाउँदै आउनु विडम्बना हो। आयु छोटिँदै गएको देउवा सरकारले राष्ट्रदोहनको शृङ्खला बन्द गर्न अति आवश्यक देखिएको छ। यस्तै तरिकाले सरकारी सम्पत्ति सक्दै जाने हो र नेपाली जनताले उठाएको करको दुरुपयोग गर्दै जाने हो भने नेपालीले कहिल्यै काम गर्ने छैनन्।

*- यज्ञ नेपाली, सन्धीखर्क, अर्घाखाँची, हाल : काठमाडौं*

### हेलचेक्र्याइँ पनि कतिसम्म ?

बेपत्ता छानबिन आयोगले द्वन्द्वकालमा हराएका ४ सय १५ नागरिकलाई अनुसन्धानसमेत नगरी मृत्यु भएको अनुमानका आधारमा बाँकी छानबिनका लागि भन्दै सत्यनिरुपण तथा मेलमिलाप आयोगमा फाइल पठाएको छ। राज्यको अधिकारसम्पन्न निकायले छानबिनविनै उजुरीको फाइल पठाउनु कति जायज हो ? यो द्वन्द्वपीडितलाई जवाफ चाहिएको छ। बेपत्ता भनेको मृतक होइन, बेपत्ता भनिएका व्यक्ति जीवितै फेला पर्न सक्ने सम्भावना न्यून भए पनि बेपत्ता नागरिकलाई मृतक भनिहाल्न पाइँदैन। आधिकारिक विज्ञ संलग्न टोलीले 'एन्टिमार्टम' वा 'पोस्टमार्टम' नगरी बेपत्ता व्यक्तिलाई मृतक ठहर गर्न पनि सकिँदैन।

बेपत्ता छानबिन आयोग हचुवाका भरमा काम गर्ने निकायको रुपमा चिनिएको छ। हरेक वर्ष बेपत्ताका पीडित परिवारले राज्यलाई बारम्बार बेपत्ता नागरिकको खोजी गर्न दबाब दिँदै गर्दा राज्यकै जिम्मेवार निकायले छानबिन गरी बेपत्ता व्यक्तिहरुको सत्यतथ्य विवरण सार्वजनिक गर्नुपर्नेमा हचुवा र बाह्य सूचनाका आधारमा यसो गरिँदा आयोगको सबै कामप्रति प्रश्नचिह्न खडा भएको छ। द्वन्द्वकालमा बेपत्ता भएका नागरिकको खोजी गरिनुपर्छ। सरकारले सत्यनिरुपण तथा बेपत्ता छानबिन आयोग गठन गरे पनि बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्न ढिलाइ हुनु विडम्बना हो। द्वन्द्वपीडित नागरिकलाई भ्रममा राखेर वास्तविक अवस्था लुकाउनु उचित होइन। सरकार तथा सम्बन्धित निकाय जवाफदेही बनेर बेपत्ता पारिएका नागरिकका परिवारलाई आफ्नो र आफन्तको सत्यतथ्य विवरण सार्वजनिक गर्नु अत्यन्त जरुरी देखिन्छ। यो विषयमा सरकारले विशेष ध्यान दिन जरुरी छ। कि सास चाहिन्छ, कि लास चाहिन्छ। आफन्तलाई हचुवाको भरमा जे पायो त्यही रिपोर्ट दिएर हुँदैन।

*- सागर खनाल, झापा*

## सामाजिक सञ्जाल



जनमत गुमाएकाले सत्तामा झुन्डिने अहिलेको पद्धति घिनलाग्दो भयो। अब बन्ने सरकारले कानुनतः यो पद्धति निरूत्साहित गर्ने गरी कानुन बनाउन सक्नुपर्छ।

**Kedar marasini**
**@kedarmarasini**



सरकारी तलब भत्ता खाएर सरकारले तोकेको पीडित-रकम लिन त्यो पनि सरकारी मापदण्डमा रहेर बनाएको घर पास गराउँदा इन्जिनियरहरूलाई घूस खुवाउनुपर्ने हो सरकार ?

**दीपक नेपाल**
**@deepaknepal2046**



केन्द्र र प्रान्त दुवै तहमा 'मन्त्रालय' राख्दा भविष्( यमा प्रशस्त द्विविधा र अन्यौल आउन सक्छ। दुवै तहमा मन्त्री नै राखे पनि, प्रान्तका मन्त्रालयलाई निर्देशनालय, विभाग या अरू नै नामकरण गर्नु व्यावहारिक हुन्छ। भारतको अनुसरण गर्न अप्ठ्यारो नलाग्ने भए त्यहाँ 'विभाग' चलेको छ।

**Rajendra Dahal**
**@RDahal62**

२०७४, पुस
शुक्रबार
२१

विश्वशान्ति, धार्मिक स्वतन्त्रता तथा मानवअधिकार बारे सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यका साथ आयोजित सम्मेलनबाट एक प्रतिवेदन पारित गरी विश्वको ध्यानाकर्षण गराउने योजना रहेको समाजका अध्यक्ष बसुन्धारा श्रेष्ठले बताउनुभयो।

# नेपाल

# पहिलो अन्तर्राष्ट्रिय बौद्ध धर्म सम्मेलन काठमाडौंमा




**नेपाल समाचारपत्र**

काठमाडौं

पहिलो अन्तर्राष्ट्रिय बौद्ध धर्म (दोर्जे शुग्देन) सम्मेलन काठमाडौंमा शुरू भएको छ। नेपाल राष्ट्रिय दोर्जे सुग्देन समाजद्वारा आयोजित उक्त सम्मेलन बिहीबारदेखि शुरू भएको हो।

सम्मेलनको उद्घाटन रक्षामन्त्री भीमसेनदास प्रधानले गर्नुभएको आयोजक संस्थाले जनाएको छ। ३ दिनसम्म सञ्चालन हुने उक्त सम्मेलनमा २० वटा मुलुकबाट प्रतिनिधित्व रहेको छ।

विश्वशान्ति, धार्मिक स्वतन्त्रता तथा मानवअधिकार बारे सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यका साथ आयोजित सम्मेलनबाट एक प्रतिवेदन पारित गरी विश्वको ध्यानाकर्षण गराउने योजना रहेको समाजका अध्यक्ष बसुन्धारा श्रेष्ठले बताउनुभयो। विश्व शान्तिका प्रतीक भगवान गौतम बुद्धको जन्म नेपालमा भएकाले यही भूमिबाट सकारात्मक सन्देश प्रवाह गर्नका लागि सम्मेलनको आयोजना गरिएको उहाँको भनाइ छ।

कार्यक्रमको उद्घाटन गर्दै रक्षामन्त्री भीमसेनदास प्रधानले नेपालजस्तो धार्मिक स्वतन्त्रता भएको देश संसारमा बिरलै रहेकाले यो सम्मेलनबाट विश्वभर सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गर्नुभयो। राज्यको कुनै धर्म नहुने भएकाले सबै धर्मलाई समान व्यवहार गर्ने उहाँको भनाइ थियो। बुद्ध धर्मको अर्थ त्याग भएको उल्लेख गर्दै मन्त्री प्रधानले भन्नुभयो- 'बुद्ध धर्मको अर्थ त्याग हो। मानव धर्मकै लागि बुद्ध समर्पित थिए। धर्मको अर्थ दीनदुखीको सेवा गर्नु हो भन्ने कुरा बुद्धले फैलाएकाले बुद्धको पञ्चशील नै संसारमा धर्मका रूपमा स्थापित भएको हो।'

इटालीबाट प्रतिनिधित्व गर्दै सम्मेलनमा सहभागी धर्म गुरु गेशे कुनचेक ग्याल्सेनले दलाइ लामाले दोर्जे शुग्देन धर्मलाई विभिन्न हिसाबले विरोध र निषेध गरेकाले आफूहरू धार्मिक स्वतन्त्रताका लागि लडाइँ लडिरहेको बताउनुभयो।

उक्त कार्यक्रममा नवनिर्वाचित सांसद कृष्णगोपाल श्रेष्ठ, पूर्वमन्त्री शंकर कोइरालालगायतले सम्मेलनको शुभकामना दिनुभएको थियो।

## अहिलेको सरकार वैधानिक हो : खड्का

भक्तपुर, (नेस)

नेपाली कांग्रेसका केन्द्रीय सदस्य नारायण खड्काले नयाँ सरकार गठनका लागि सत्ता हस्तान्तरणमा कांग्रेसले नभइ कानुनी अड्चनले ढिलाइ गरेको प्रष्ट पार्नुभएको छ।

नेता खड्काले राष्ट्रियसभाको निर्वाचन नगरी सत्ता हस्तान्तरणमा कानुनी समस्या रहेको उहाँले बताउनुभयो।

उहाँले राष्ट्रियसभाको निर्वाचन नभएसम्मका लागि अहिलेको सरकार नै मान्य हुने हुँदा यो सरकारलाई कामचलाउ भन्न नमिल्ने दाबी गर्नुभयो।

राष्ट्रियसभाको निर्वाचनपछि नयाँ सरकारका लागि सत्ता हस्तान्तरण गरी कांग्रेस प्रतिपक्षको भूमिकामा रहन तयार रहेको नेता खड्काले बताउनुभएको छ।

प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा ठूला २ शक्ति एक ठाउँमा भएका कारण कांग्रेसले पराजय व्यहोर्नुपरेको केन्द्रीय सदस्य खड्काले बताउनुभएको छ।

कांग्रेसले नयाँ सरकार गठनका लागि कोही कसैसँग पनि लिखित रूपमा सहमति र सम्झौता नगरेको स्पष्ट पार्दै प्रचण्डसँग लिखित सहमति भएको भन्ने कुरा हल्ला मात्रै भएको उहाँले बताउनुभयो।

## गोंगबुबाट ट्याक्सी चोरी

काठमाडौं, (नेस)

काठमाडौंको तार्केश्वर नगरपालिका-८ बस्ने प्रदीप खत्रीको बा१ज २१५० नम्बरको ट्याक्सी चोरी भएको छ। तनहुँको बन्दीपुर नगरपालिका-१० बस्ने चन्द्रकुमार गुरुङले चलाइराखेको उक्त ट्याक्सी लक गरी काठमाडौं महानगरपालिका-२६ गोंगबु मित्रनगर मैपी पुलनजिक सडकमा पार्किङ गरी राखेको अवस्थामा अज्ञात व्यक्तिले ट्याक्सी चोरी लगेको बताइएको छ।

यसै गरी काठमाडौं महानगरपालिका-१६ ढल्कुस्थित शारदा पौडेलको घरबाट मूलढोकाको ताल्चा फोडेर दराजमा रहेको नगद १ लाख र विभिन्न सुनका गरगहनासमेत गरी करिब ३ लाख ६ हजार रुपियाँबराबरको धनमाल बिहीबार चोरी भएको छ।

यसै गरी काठमाडौं महानगरपालिका-१६ पकनाजोलस्थित सानु श्रेष्ठको घरमा रहेको कार्गो कार्यालयबाट ताल्चा फोडेर करिब १ लाख ४० हजार रुपियाँ मूल्यबराबरको २ थान ल्यापटप बिहीबार चोरी भएको छ।

ट्याक्सीलगायतका धनमाल तथा चोरहरूको खोजी गर्नुका साथै घटनाका सम्बन्धमा स्थानीय प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## गाँजासहित महिला पक्राउ

काठमाडौं, (नेस)

भक्तपुरको चाँगुनारायण नगरपालिका-६ बस्ने पूर्णिमाया तामाङलाई लागूऔषध गाँजा १३ किलो ५ सय ग्रामसहित बुधबार प्रहरीले पक्राउ गरेको छ।

उनको घरमा गाँजा सञ्चित गरी बिक्रीबितरणको कारोबार गर्ने गरेको भन्ने सूचनाका आधारमा लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले घरमा लुकाइराखेको उक्त परिमाणको गाँजा बरामद गरी उनलाई पक्राउ गरेको हो।

तामाङलाई थप अनुसन्धान तथा कारबाहीका लागि महानगरीय प्रहरी परिसर भक्तपुर पठाइएको सो ब्युरोले जनाएको छ।

## दुर्घटनामा दुईको मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१६ बालाजुस्थित ब्याट्री कारखानानजिक सडकमा बा८४ प ६०१५ नम्बरको मोटरसाइकलले बुधबार ठक्कर दिँदा गम्भीर घाइते भएका पैदलयात्री सोही ठाउँ बस्ने लमजुङको पुरानोकोट-४ का प्रेमबहादुर गुरुङको वीर अस्पताल ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको छ। ठक्कर दिने मोटरसाइकल र फरार चालकको प्रहरीले खोजी गरिरहेको छ। सूर्यविनायक नगरपालिका-६ पाण्डुबजारमा बा१०च ४२२९ नम्बरको भ्यानले काभ्रे घर भई हाल पाण्डुबजार बस्ने लक्ष्मी घ्यावालाई बुधबार ठक्कर दिँदा लक्ष्मीले बोकेकी उनकै ३ महिनाकी बहिनी खुशी घ्यावा हातबाट खस्न गई गम्भीर घाइते भएकोमा सिद्धी स्मृति अस्पताल भक्तपुरमा उपचारको क्रममा मृत्यु भएको छ। लक्ष्मीको सोही अस्पतालमा उपचार भइरहेको छ। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## बुद्धमूर्तिसहित पक्राउ

काठमाडौं, (नेस)। काठमाडौं महानगरपालिका-१२ ह्युमन बस्ने प्रेमबहादुर शाही, काभ्रेको पाँचखाल घर भएका विकाश मिजार र पाँचखालकै अमिर अछामीसमेत ३ जनालाई १ थान धातुको बुद्धको मूर्तिसहित बुधबार प्रहरीले पक्राउ गरेको छ।

प्रेमबहादुरको घरमा पुरानो धातुको बुद्धको मूर्ति अवैध रूपमा ५ लाख रुपियाँमा बिक्री गर्न लागेको भन्ने सूचनाका आधारमा खटिगएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।



प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षत्रीसँग जंगी अड्डामा शिष्टाचार भेटवार्ता गर्नु हुँदै मित्रराष्ट्र जाम्बिया सेनाका आर्मी कमान्डर लाइटेन जनरल पौल मिहोवा।

**गैहकाष्ठ तथा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र निर्माणका लागि प्रस्ताव आव्हान**

(प्रथम पटक प्रकाशित मिति : २०७४/०९/२१)

यस कार्यालयको चालू आ.व. २०७४/७५ को **जडीबुटी विकास कार्यक्रम तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३** बमोजिम संखुवासभा जिल्ला भित्र गैह्रकाष्ठ तथा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र निर्माण गर्न ईच्छुक निजी क्षेत्रका साझेदार संस्था छनौटका लागि यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र प्रस्तावक संस्थाको नाम र ठेगाना, संस्था दर्ता प्रमाणपत्र, संस्थाको मूल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाणपत्र, गैसस वा सहकारीको हकमा संस्थाको स्वीकृत विधान सहितका कागजातहरु संलग्न राखी व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्न हुन जानकारी गराईन्छ। सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ। थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ।

**जिल्ला वन कार्यालय, संखुवासभा, फोन नं. ०२९-५६०१३५**

**हार्दिक श्रद्धाञ्जली**



जन्म मिति:
वि.सं १९८६ शिवरात्रि

स्वर्गारोहण मिति:
२०७४ पुस ९ गते

**स्व. मथुरा के.सी.**

हाम्रा प्रातः स्मरणीय हजुर मुमा **मथुरा के.सी.**को स्वर्गारोहण भएकोले हामी अत्यन्त मर्माहत भएका छौं। आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै शोकको यस दुःखद घडीमा हामी प्रति सहयोग, सद्भाव सान्त्वना प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र र शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**नाति:**

**प्रा.प्र.से. इन्जिनियर राजेश शाह**
तथा
समस्त परिवार

**सिनेमा कर्नर**










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पेटमा समस्या, कार्य नाश, सन्तान कष्ट, धन हानि।
**वृष** : शुरुमा लाभ, सफलता तर त्यसपछि अपच, दौडधुप।
**मिथुन** : बिहान धननाश, मन अस्थिर त्यसपछि मान, उन्नति हुनेछ।
**कर्कट** : बिहान उपहार प्राप्ति, कार्य सफल तर त्यसपछि खर्च, तनाव।
**सिंह** : शुरुमा स्वास्थ्य बाधा तर त्यसपछि कार्य सफल, सुख-सन्तोष।
**कन्या** : मिष्ठान्न भोजन, बिहान ९ बजेपछि भने अस्वस्थता, तनाव।
**तुला** : कामकाज सफल, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति, कतैबाट सहयोग।
**वृश्चिक** : शुरुमा राज्यबाट भय तर दिनभर कार्यसिद्धि, सुख, लाभ।
**धनु** : रोगको भय, कार्य बाधा, आर्थिक नोक्सानी, राज्य भय, अपयश।
**मकर** : बिहान लाभ, मान-सम्मान, त्यसपछिको समय अस्वस्थता।
**कुम्भ** : आर्थिक लाभ, शत्रुमाथि विजय, पठनपाठनमा सफलता।
**मीन** : बिहान सन्ताप भए पनि त्यसपछि भने द्रव्य लाभ, शत्रु विजय।

# नेपाल

{ ओसिलो ठाउँ, दिनानुदिन बढिरहेको चिसो। हुन त विगत ३ वर्षयता हरेक हिउँद यस विद्यालयमा अध्ययनरत बालबालिकाहरू खुला चौरमा नै पढ्दै आएका छन्।

## १२ वर्षीया बालिकाको पेटमा ६ महिनाको गर्भ

मोतीराम तिमल्सिना, काभ्रे

दिदीसँग विवाह गरेर विदेश पठाउने अनि १२ वर्षीया सालीसँग प्रेम गरी गर्भ बोकाउने भिनाजुलाई कारबाहीको माग गरिएको छ। कक्षा ५ मा अध्ययन गर्ने बालिकासँग शारीरिक सम्पर्क गरी गर्भ बोकाउने भिनाजुलाई पक्राउ गर्न प्रहरी परिचालन गरिएको छ।

बेथान्चोक गाउँपालिका वडा नम्बर ६ भुग्देउ महांकाल घर भएका २२ वर्षीय कृष्णबहादुर तामाङले सहमतिमै पटकपटक यौन सम्पर्क गरी गर्भ बसाएका छन्। ६ महिनाको गर्भ लिएर बालिका जिल्ला प्रहरी कार्यालय काभ्रेमा उजुरी बोकेर आएकी छिन्। आमाको साथमा आएकी बालिकाले भिनाजुसँग सहमतिमै सम्पर्क राखेको र प्रेम गरेको बयान दिएकी छिन्। बालिकासँग सहमतिमै भए पनि यौन सम्पर्क राख्न पाइँदैन। दिदीसँग विवाह गरेको वर्ष दिनमै छोरा जन्मिएको छ। १ वर्षको छोरा छाडेर दिदी दुबईमा नोकरी गर्न गइन्। यता श्रीमान्ले आफ्नै सालीसँग निरन्तर प्रेम गरे। १२ वर्षकी बालिकाको ६ महिनाको गर्भ भएपछि मात्र आमाले थाहा पाइन्। विदेशमा रहेकी श्रीमतीले समेत थाहा पाएपछि उनलाई कारबाहीका लागि उजुरी गरिएको हो।

सालीको गर्भ रहेको थाहा पाएपछि भिनाजु कृष्णबहादुरले आफ्नै घरमा लगिसकेका थिए। अझनजिकको मेडिकलमा जाँज गरेर भिडियो एक्सरेसमेत गरेपछि मात्रै गर्भ रहेकै ६ महिना भइसकेको जानकारी भएको थियो। कृष्णबहादुरले दिदी पनि विदेशमा रहेको, बच्चा सानो भएकाले हेर्ने व्यक्ति पनि नभएकाले आफूसँगै जान दिन सासूसँग अनुरोध गरेका थिए। उनी पनि जान तयार थिइन् तर सालीको आमा र श्रीमतीले बहिनीलाई विवाह गर्नभन्दा अपराधीलाई कारबाही गर्नु उपयुक्त ठानेर उजुरी गर्न जिल्ला प्रहरी कार्यालय आएको बताइन्। कृष्णबबहादुरको श्रीमती जेठी हुन्। उनका ४ दिदीबहिनी र ५ दाजुभाइ छन्। कक्षा ५ मा अध्ययनरत बालिका अहिले प्रहरीको निगरानीमा जिल्ला सेफ हाउसमा छिन्।

केही दिनअघि पनौती १२ भूमेडाँडामा आफ्नै बाबुले १७ वर्षीया छोरीलाई पटकपटक बलात्कार गरेका छन्। छोरीको गर्भ रहेको अवस्थामा गर्भसमेत तुहाउँदै बलात्कार गरिरहेको घटना सार्वजनिक भएको थियो। इलाका प्रहरी कार्यालय बनेपामा उजुरी दर्ता गर्दै उनले बाबुले सौतेनी आमा ल्याएदेखि बलात्कार शुरू गरेको बताएकी थिइन्। अपराधी बाबुलाई प्रहरीले नियन्त्रणमा लिएको छ। काभ्रेपलाञ्चोक जिल्लामा जबरजस्ति करणी र करणी उद्योगका घटनाहरू हरेक वर्ष बढ्दै गएका छन्। सहमतिमा सम्बन्ध राख्ने र केही कुराले खटपट हुने बित्तिकै उद्योग र करणीमै उजुरी गर्नेहरूको संख्या बढेको छ। अझ बलात्कारका घटनाहरू गाउँघरमै मिलापत्रका लागि दबाब आउने र दबाब थेग्न नसकी उजुरी दर्ता गर्ने, उजुरी दिए लगत्तै फिर्ता लिन र पीडितहरूको बयान फेरिने क्रम बढेको छ।

चालु वर्षको ५ महिनामा जिल्लामा ५ वटा जबरजस्ती करणीका मुद्दा दर्ता भएका छन् भने पाँचै वटा जबरजस्ती करणी उद्योगका मुद्दा दर्ता भएका छन्। असोज महिना चाडवाडको महिना भएकाले एउटा मात्रै करणीको मुद्दा दर्ता भयो भने कात्तिक महिनामा २ वटा उद्योगमा दर्ता भए। भदौमा ४ वटा र साउनमा ३ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जानकारी दिएको छ।

## विद्यालयमा ताल्चा, खुला चौरमा पढाइ

नानीराम नेपाल, सिन्धुपाल्चोक



२९ लाख रुपियाँ खर्च गरेर हेल्प जर्मनले ठूलोसिरुबारीस्थित अर्चलेमा शुभकन्या आधारभूत विद्यालयको पक्की भवन निर्माण गर्‍यो। भूकम्पमा विद्यालय भवन ध्वस्त भएपछि नयाँ पक्की भवन बन्दा स्थानीयमा खुसीको सीमा नै रहेन। २ साताअघि भव्य कार्यक्रम गर्दै हेल्प जर्मनले जिल्ला शिक्षा अधिकारी गौरीशंकर पाण्डे, वडाध्यक्ष रामप्रसाद गौतम, साझेदार संस्था टुकीसंघ सुनकोसीका प्रतिनिधि र समुदायलाई साक्षी राखेर भवन हस्तान्तरण गर्‍यो।

तर, यतिबेला अर्चलेमा पुग्दा शुभकन्याको यो पक्की भवन विद्यार्थीलाई देखाउनका लागि मात्र बनाइएको झैं लाग्छ। शुक्रबार विद्यालयको नवनिर्मित नयाँ भवनमा पुग्दा बडेमानको ताल्चा लगाइएको थियो, विद्यार्थीहरू केही पर खुला चौरमा पीपलको रुखमुनि बसेर पढिरहेका थिए।

ओसिलो ठाउँ, दिनानुदिन बढिरहेको चिसो। हुन त विगत ३ वर्षयता हरेक हिउँद यस विद्यालयमा अध्ययनरत बालबालिकाहरू खुला चौरमा नै पढ्दै आएका छन्। चीसोका कारण विगत ३ वर्षयता पुष र माघका २ महिना खुला चौरमा नै पठनपाठन हुँदै आएको शिक्षिका सीता दुलालले बताइन्। तर लाखौं खर्च गरेर दाताले नयाँ भवन बनाइदिँदा पनि खुला चौरमा पठनपाठन गर्नु बाध्यता भएको उनी बताउँछिन्। 'नयाँ भवन बनाएको ठाउँमा कतिखेर पनि घाम लाग्दैन, चीसोले विद्यार्थी खोक्न थाले', दुलालले भनिन्, -'चीसोबाट विद्यार्थीलाई जोगाउनका लागि यहाँ खुला चौरमा ल्याएका हौं।'

विद्यालयको नाममा भवन बनाउने जग्गा नभएपछि स्थानीय महांकाल वनको जग्गामा नयाँ भवन बनाइएको स्थानीय नेत्रबहादुर दुलालले बताए। विद्यालयका लागि स्थानीयले जग्गा नदिँदा र विद्यालयले जग्गा खरिदमा आनाकानी गर्दा महांकाल वनको ओसिलो जग्गामा भवन बनाउनुपरेको उनले सुनाए। 'विद्यालयले जग्गा किन्नतर्फ ध्यान दिएन, विद्यालयलाई जग्गा दान गर्ने कोही भएनन्', उनले भने- 'अनि वनमै विद्यालय भवन बनाइएको हो।'

२० वर्षअघि स्थापना भएको शुभकन्या माध्यमिक विद्यालयमा अघिल्लो वर्षसम्म ५ कक्षासम्मको पठनपाठन हुन्थ्यो। विद्यार्थी भर्ना न्युन भए पनि जिल्ला शिक्षा समितिले यो विद्यालयलाई तह घटाउँदै ३ कक्षामा झारिदियो। ३ कक्षासम्मको पठनपाठन हुँदै आएको यस विद्यालयमा अहिले पनि १६ जना विद्यार्थी मात्र नियमित विद्यालयमा आउने गरेका छन्। विद्यार्थी भर्नामा ४८ जना देखिए पनि शुक्रबार शुभकन्या आधारभूत विद्यालयमा पुग्दा १६ जना मात्र विद्यार्थी उपस्थित देखिए। 'भर्ना धेरै भए पनि चीसोका कारण उपस्थिति कम भइरहेको छ', शिक्षिका दुलालले भनिन्- 'फागुन लागेपछि यस्तो हुँदैन।'

## करेन्ट लागेर एकको मृत्यु

नेपाल समाचारपत्र

नुवाकोट

दुप्चेश्वर गाउँपालिका वडा नं. ४ ताप्साङ, वेतिनीमा बिहीबार आफ्नै घर बनाउने क्रममा करेन्ट लागेर स्थानीय २६ वर्षीय सुनबहादुर तामाङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

सुनबहादुरकै घर बनाउने क्रममा फलामे रडले ११ हजार भोल्टको बिजुलीको तार छुन पुग्दा उनको मृत्यु भएको हो भने उनका साथीहरू स्थानीय ५० वर्षीय पहलमान तामाङ, ३० वर्षीय चुरे तामाङ र २७ वर्षीय वीरे तामाङ घाइते भएको मृतकका जेठान ज्ञानबहादुर तामाङले जानकारी दिए। पहलमान गम्भीर घाइते भएको र घाइते तीनै जनाको देउपुरगाउँ स्वास्थ्यचौकीमा उपचार भइरहेको छ। मृतक सुनबहादुरका श्रीमती, एक छोरा तथा एक छोरी रहेका छन्।

## वर्षे बालीको उत्पादनमा वृद्धि

नेपाल समाचारपत्र

बैतडी

बैतडीमा यो वर्ष वर्षेबालीको उत्पादनमा वृद्धि भएको छ। गत वर्षको तुलनामा यो वर्ष वर्षेबालीको उत्पादनमा वृद्धि भएको जिल्ला कृषि विकास कार्यालय बैतडीका योजना अधिकृत कर्णबहादुर चन्दले बताउनुभयो। मकैको उत्पादनमा गत वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि भएको छ।

२०७३ सालमा १८ हजार ९९५ मेट्रिकटन मकै उत्पादन भएकोमा यो वर्ष २३ हजार ९ सय २५ मेट्रिकटन मकै उत्पादन भएको छ। जिल्लामा १४ हजार ५ सय हेक्टर जमीनमा मकै खेती गरिँदै आएको छ। यसै खगरी गत सालको तुलनामा धान उत्पादनमा पनि वृद्धि भएको योजना अधिकृत चन्दले बताउनुभयो। गत वर्ष १८ हजार ५४० मेट्रिकटन धान उत्पादन भएकोमा यो वर्ष १८ हजार ९ सय मेट्रिकटन धान उत्पादन भएको योजना अधिकृत चन्दले बताउनुभयो। बैतडीमा ९ हजार हेक्टर जमिनमा धान खेती गरिँदै आएको छ।

यस्तै गतसालको भन्दा यो वर्ष भटमासको उत्पादनमा पनि वृद्धि भएको छ। गतसाल १ हजार १५५ मेट्रिकटन भटमास उत्पादन भएकोमा यो वर्ष १ हजार १६३ मेट्रिकटन भटमास उत्पादन भएको चन्दले बताउनुभयो। समयमा पानी पर्नु, उन्नत जातको बीउ प्रयोग हुनु, किसानहरू व्यवसायिक हुनुलगायतका कारण वर्षेबालीको उत्पादनमा वृद्धि भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:– ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता। मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान–दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५–७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०५० सालमा निर्माण सम्पन्न भएको सडकका धेरै खण्ड भत्केर सवारी चलाउन कठिन हुँदै गएको थियो भने सवारी साधनको चाप बढेका कारण साँघुरो सडकमा ठाउँठाउँमा जामसमेत हुने गरेको थियो। साँघुरो सडक र ठाउँठाउँमा भासिँदा सवारी सञ्चालनमा समेत जोखिम थियो।

# बन्दले डोटीको जनजीवन प्रभावित

**नेपाल समाचारपत्र**

डोटी

७ नम्बर प्रदेशको राजधानी दिपायल तोकिनुपर्ने माग गर्दै डोटीका आन्दोलनकारीहरूले गरेको अनिश्चितकालीन बन्दका कारण डोटीको जनजीवन प्रभावित बन्दै गएको छ। राजधानी दिपायलको माग गर्दै आन्दोलनकारीले गरेको बन्दले यहाँका सम्पूर्ण सरकारी कार्यालय, विद्यालय, कलकारखाना तथा यातायातका साधनहरू २ दिनदेखि ठप्प भएका छन्। यहाँका प्रमुख व्यापारी केन्द्र दिपायल, पिपल्ला, राजपुर तथा सिलगढी बजार पूर्ण रूपमा बन्द गरिएको छ। बजारभरि आन्दोलनकारीहरूले दिपायल राजधानी माग गर्दै नाराबाजी गरिरहेका छन्।

बन्दका कारण सुदूरपश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र दिपायलमा सञ्चालन भइरहेको नयाँ प्रहरी जवान भर्ना छनोट तथा रिक्रुट प्रहरी तालिमसमेत प्रभावित भएको सो तालिम केन्द्रका प्रमुख एसएसपी मोहनराज जोशीले बताउनुभयो। उहाँले भन्नुभयो 'बन्दले भर्ना छनोटमा आवेदन भरेकाहरू आउन पाएका छैनन्, हाम्रो आन्तरिक तालिममा समावेस गरिएका रिक्रुटहरूलाई बजारमा डिउटी खटाउनुपरेका कारण २ दिनदेखि तालिम प्रभावित भइसकेको छ।' त्यस्तै



बन्दकाकारण सुनसान रहेको क्षेत्रीय सदरमुकामको दिपायल स्थित पिपल्ला बजार।
*तस्विर : विमल विष्ट/नेस*

आन्दोलनकारीले बुधबारदेखि यहाँका सरकारी कार्यालयमा तालाबन्दी गरेका कारण कार्यालयको सम्पूर्ण कामकाज ठप्प भएको छ। बन्दका कारण कर्मचारीहरूसमेत कार्यालयमा जानआउन सकेका छैनन्। बन्दका कारण यहाँका बजारहरू प्रायः सुनसान भएका छन्।

आन्दोलनकारीहरूले बिहानैदेखि सडकमा टायर बालेर यातायातसमेत बन्द गरेका छन्। बन्दका कारण यहाँका पहाडी जिल्लाबाट तराई जाने कुनै पनि यातायातका साधन छुटेका छैनन्। महिला, युवायुवतीहरूको ठूलो जमातले बिहानैदेखि सडकमा नाराबाजी गरिरहेको छ। राजधानी माग गर्दै यहाँको संघर्ष समितिले १ हप्तादेखि शान्तिपूर्ण र्‍यालीको आयोजना गर्दै आए पनि त्यसको सुनुवाइ हुनुको सट्टा राजधानी धनगढीका लागि सिफारिस गरिएको भन्दै थप कडा आन्दोलनको शुरुआत गरेको हो। आन्दोलनकारीहरूले सडकमा ढुंगा, मुडा तेर्स्याएर बाटो अवरोध गरेका छन्। आन्दोलनकारीले चक्काजाम गरेपछि सडकमा प्रहरीको बाक्लो उपस्थिति भएको छ। बन्दकर्ताले नेपाल प्रहरी, एम्बुलेन्स, विदेशी कूटनीति नियोगका गाडी तथा प्रेसका गाडीहरू भने चल्न दिएका छन्।

## दिपायलका क्षेत्रीय कार्यालयमा प्रदेश सरकारको बोर्ड राखियो

७ नम्बर प्रदेशको प्रादेशिक राजधानी दिपायल बनाउनुपर्ने माग गर्दै आएका आन्दोलनकारीले क्षेत्रीय कार्यालयहरूमा प्रदेशको मूख्य मन्त्री तथा मन्त्रालयका कार्यालयको बोर्ड झुण्डाएर उद्घाटन गरेका छन्। साविकको क्षेत्रीय सदरमुकाम दिपायलमा क्षेत्रीय कार्यालयमा मुख्यमन्त्री, मन्त्रीपरिषद्, अर्थ, शिक्षा, स्वास्थ्य कृषि मन्त्रालयको ब्यानर राखेर उद्घाटन गरेका हुन्। सरकारले डोटीलाई प्रादेशिक राजधानी बनाउनका लागि तयार नभएमा सशक्त आन्दोलन गर्न र अलग्गै प्रदेश सरकार सञ्चालन गर्ने संघर्ष समितिका संयोजक नरेन्द्र खड्काले बताउनुभयो।

आन्दोलनकारीले क्षेत्रीय स्वास्थ्य निर्देशनालयको भवनमा मुख्यमन्त्रीको कार्यालय, क्षेत्रीय प्रशासन कार्यालयमा गृह मन्त्रालय, क्षेत्रीय कृषि निर्देशनालयलाई कृषि मन्त्रालय, क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालयमा अर्थ मन्त्रालय र क्षेत्रीय शिक्षा निर्देशनालयको भवनमा शिक्षा मन्त्रालयमा बोर्ड टाँगिएको छ। राजधानीको आन्दोलनले उग्र रुप लिइरहेका बेला सरकार भने राजधानीका विषयमा निर्णय लिन सकिरहेको छैन। दिपायलको पिपल्ला बजारमा विरोध सभाका कार्यक्रमहरू पनि दिनहुँ भइरहेका छन्। आन्दोलन चर्किएपछि जिल्लाको सुरक्षा व्यवस्था कडा पारिएको छ।

# प्रदेश राजधानीका लागि बृहत्त जनदबाब सभा गरिने

**नेपाल समाचारपत्र**

काभ्रे

प्रदेश स्तरको राजधानी काभ्रेपलाञ्चोक जिल्लामा तोक्न सरकारलाई दबाब दिने उद्देश्यले जिल्लामा रहेका विभिन्न संघसंगठन, राजनीतिक दल, सांसदहरूले शनिबार बनेपामा बृहत्त जनदबाब दिने उद्देश्यले संयुक्तसभा गर्ने घोषणा गरेका छन्।

काभ्रे उद्योग बाणिज्य संघको आयोजनामा भएको छलफलमा जिल्लाबाट निर्वाचित प्रदेशसभा सांसदहरू, राजनीतिक दलका प्रमुखहरू, नेपाल पत्रकार महासंघ, उद्योग बाणिज्य संघ पनौती, नमोबुद्ध, धुलिखेललगायतका संघसंस्थाबाट प्रतिनिधित्व रहेको थियो। छलफल कार्यक्रमबाट राजनीतिक दल, सांसद र जिल्लामा भएका सबै संघसंस्थाहरूलाई संयुक्त अपिल गरी प्रदेशसभाको राजधानी काभ्रेपलाञ्चोकमा तोक्न माग गर्ने निर्णय गरेको काभ्रे उद्योग बाणिज्य संघका अध्यक्ष प्रकाश मानन्धरले बताए।

सांसद लक्ष्मण लम्सालले तत्काल सरकारलाई दबाब दिन र राजनीतिक दलका नेताहरूलाई भेटेर काभ्रेको बस्तुस्थितिका बारेमा जानकारी गराउन आवश्यक रहेको बताए। सांसद चन्द्र लामा र बसुन्धरा हुमागाईंले प्रदेश तहको राजधानी काभ्रेपलाञ्चोकमा तोक्न पहल गरिरहेको बताए। 'अन्य जिल्लाका सांसदहरूलाई समेत काभ्रेपलाञ्चोक जिल्ला उपयुक्त हो भन्ने जानकारी गराउने काममा निरन्तर सक्रिय भइरहेका छौं,' सांसद चन्द्र लामाले भने- 'हामी जसरी भए पनि काभ्रेमा प्रदेश तहको राजधानी बनाउनुपर्छ भन्ने अभियानमा सक्रिय छौं।'

नेकपा एमालेका जिल्ला अध्यक्ष एवं मण्डन देउपुर नगरपालिकाका प्रमुख टोकबहादुर तामाङले नेकपा एमालेले संस्थागत रूपमै काभ्रेमा राजधानी हुनुपर्ने निर्णय गरिसकेको बताए। काभ्रेमा राजधानी बनाउन सरकारलाई दबाब दिने अभियानमा सक्रिय हुने उनले बताए। यस अघि सरकारले गठन गरेको प्राविधिक समितिका लागि प्रमुख जिल्ला अधिकारीको टोलीले जिल्लाको आईटी पार्क, शैक्षिक तालिम केन्द्र, नापी तालिम केन्द्रलगायतका क्षेत्रमा तोकेर पठाएको थियो।

छलफलमा नेपाली कांग्रेसका नेता मधु आचार्य, नेपाल उद्योग बाणिज्य संघका केन्द्रीय सदस्य सुरकृष्ण वैद्यलगायतले सरकारलाई दबाब दिन नपुगेकाले अस्थायी राजधानी पनि काभ्रेपलाञ्चोकमा तोक्न आनाकानी भइरहेको बताए। काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, रामेछापका लागि काभ्रेपलाञ्चोक जिल्ला केन्द्र पर्छ भने मकवानपुर, रसुवा, नुवाकोटलगायतका जिल्लाबाट पनि काभ्रेपलाञ्चोक नजिकै पर्छ।

सम्भावना नै सम्भावना रहेको काभ्रेपलाञ्चोक जिल्लामा वीपी र अरनीको राजमार्ग २ वटा सडक छन् भने धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालयलगायतका पूर्वाधारहरू तयार छन्। छलफलबाट शीर्ष नेतालाई दबाब दिन टोली राजधानी जाने र शनिबार बनेपामा बृहत्त जनदबाब सभा गर्ने निर्णय गरेको छ।

# ८० वर्ष पार गरेका जेष्ठनागरिकलाई फाइबर सिरकद्वारा सम्मान

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा ८० वर्ष पार गरेका जेष्ठनागरिकलाई १/१ वटा फाइबर सिरक दिएर सम्मान गरिएको छ। बेंसीशहर नगरपालिकाको वडानं ८ को समितिले एक कार्यक्रमको आयोजना गरी वडाका १९ जना जेष्ठनागरिकलाई १/१ वटा फाइबर सिरक, खादा, पुष्प दिएर सम्मान गरेको हो।

कार्यक्रममा बेंसीशहर नगरपालिकाका उपप्रमुख लक्ष्मी अधिकारी, वडाध्यक्ष पवित्रा थापा राना, उहाँहरूलाई खादा र फूलद्वारा सम्मान गर्दै फाइबर सिरक हस्तान्तरण गर्नुभएको हो। सो वडाभित्र रहेका सबैभन्दा जेष्ठ नागरिक ९३ वर्षीय भद्रबहादुर खत्रीलाई सम्मान गरी कार्यक्रमको थालनी गरिएको थियो। सम्मानित हुनेहरूमा ९१ वर्षीय धनबहादुर बस्नेत, ९० वर्षीय कमलबहादुर पौडेल पनि हुनुहुन्छ। अन्य सबै ८० देखि ८७ वर्षका हुनुभएको सो वडाका वडाध्यक्ष पवित्रा थापा मगरले बताउनुभयो। उहाँका अनुसार वडा नम्बर ८ को वडा समितिको वैठकमार्फत विनियोजन भएको जेष्ठ नागरिक लक्षित बजेट ५० हजार रुपियाँबाट उक्त सम्मान कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रमलाई सम्बोदन गर्दै उपप्रमुख अधिकारीले जेष्ठ नागरिक, अनुभवी र ज्ञानको भण्डार भएको हुने भएकाले पनि जेष्ठ नागरिकसँग धेरै कुरा सिक्न सकिने बताउनुभयो। बेंसीशहर नगरपालिकाले पनि जेष्ठनागरिकको हक अधिकार, सेवासुविधाको बारेमा समयसमयमा छलफल गर्दै आएको जानकारी गराउँदै थप सेवासुविधासहितको योजना बनाइने बताउनुभयो।

कार्यक्रममा टोल सुधार समितिको प्रतिनिधित्व गर्दै शोभा थापा, वडा सदस्य एवं कार्यपालिका सदस्य आशा तामाङ, सम्मानित व्यक्तित्वमध्ये ८१ वर्षीय जेष्ठ नागरिक बिर्खबहादुर पौडेल, पत्रकार महासंघ लमजुङ शाखाका उपाध्यक्ष कृष्ण आलेलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

वडा अध्यक्ष पवित्रा थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा वडाका सदस्य दलबहादुर खवासले स्वागत तथा सञ्चालन वडा सचिव पूर्णबहादुर भोलानले गर्नुभएको थियो।

# चिसो बढेपछि विद्यालय बन्द

**नेपाल समाचारपत्र**

राजविराज

जिल्ला शिक्षा कार्यालय सप्तरीले जिल्लाका सम्पूर्ण सामुदायिक विद्यालय २ दिनका लागि बन्द गरेको छ। बुधबार बसेको शिक्षा समितिको बैठकले विद्यालय बन्द गर्ने निर्णय गरेको जिल्ला शिक्षा अधिकारी दोलराज पाण्डेले जानकारी दिएका छन्।

१ सातादेखिको निरन्तर शीतलहरका कारण अत्याधिक चिसो बढेपछि बालबालिका बढी प्रभावित भएको र कतिपय विद्यालयमा विद्यार्थी नै आउन छोडेपछि जिल्लाभरिका ४ सय १२ वटै सामुदायिक विद्यालय बिहीबार र शुक्रबारका लागि बन्द गर्ने निर्णय भएको अधिकारी पाण्डेले जानकारी दिए।

शीतलहरका कारण सप्तरीमा २ जनाको मृत्यु भइसकेको छ। कमजोर आर्थिक अवस्थाका कारण ज्याला मजदुरी गरेर जीवीको पार्जन गर्दै आएका छिन्नमस्ता गाउँपालिका वडा नम्बर १ वरही निवासी ३५ वर्षीय



रामदयाल राम र वीरपुर निवासी ३६ वर्षीया कुलदीप रायको चिसोका कारण कठ्याङ्ग्रीएर मृत्यु भएको वडा अध्यक्ष विनोदकुमार यादवले जानकारी दिए। चिसोका कारण सप्तरीको जनजीवन कष्टकर छ।

चिसोले निमोनिया, पखाला, रुघाखोकी, ज्वरोलगायतका बिरामी बढेको राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालले जनाएको छ। १ सातायता २ सयभन्दा बढी बिरामी अस्पताल भर्ना भएको मेडिकल सुपरिटेन्डेन्ट डा. दयाशंकरलाल कर्णले बताए। बिरामीको चाप बढेपछि बेड अभावका कारण भुइँमै राखेर उपचार भइरहेको छ।

# पोखरा–बागलुङ लोकमार्ग फराकिलो बनाउने काम तीव्र

दुर्गाप्रसाद शर्मा, पर्वत

लामो समयदेखि जीर्ण रहेको पोखरा-बागलुङ लोकमार्गलाई फराकिलो बनाउने र सुधार गर्ने काम तीव्र पारिएको छ।

सडक विभागअन्तर्गतको मध्यपहाडी लोकमार्ग आयोजनाले ७२ किलोमिटर लामो राजमार्गलाई नयाँ स्वरुपमा ढाल्ने गरी मर्मतसम्भार तीब्र पारिएको हो। लोकमार्ग पूरै नयाँ स्वरूपमा बिस्तार र स्तरोन्नति गर्न ४ वटा प्याकेज बनाएर काम भइरहेको छ।

मध्यपहाडी सडक आयोजनाले दिएको जानकारीअनुसार ३ वर्ष पोखरा-बागलुङ खण्डको धेरैजसो भाग पूरै नयाँ बन्नेछ। २०५० सालमा निर्माण सम्पन्न भएको सडकका धेरै खण्ड भत्केर सवारी चलाउन कठिन हुँदै गएको थियो भने सवारी साधनको चाप बढेका कारण साँघुरो सडकमा ठाउँठाउँमा जामसमेत हुने गरेको थियो। साँघुरो सडक र ठाउँठाउँमा भासिँदा सवारी सञ्चालनमा समेत जोखिम थियो। ३ वर्ष भयो यो राजमार्ग पूरै नयाँ



बन्ने मध्यपहाडी लोकमार्ग पश्चिम खण्डका प्रमुख सूर्यबहादुर भाटले बताए। 'मर्मत र बिस्तारपछि दोहोरो सवारी चल्न मिल्ने गरी सडकले आकार लिनेछ।' -उनले भने।

आयोजनाका अनुसार पोखराको जिरो किलोमिटरदेखि याम्दीसम्म ६ किलोमिटर पहिलो र त्यसपछि घट्टेखोलासम्मको खण्ड दोस्रो भागमा पर्नेछ। घट्टेखोलादेखि नयाँपुलसम्मको करिब २५ किलोमिटरलाई तेस्रो खण्डमा र नयाँपुलदेखि पर्वतको मालढुंगासम्मको खण्ड (२४ किमि) लाई अर्को खण्डमा बाँडेर मर्मतसम्भार र बिस्तार गर्न थालिएको छ। जिरो किलोमिटरदेखि याम्दीसम्म ६ लेनको सडक तयार हुनेछ। केही खण्ड पूरा भइसकेको छ। त्यसपछि फेदीसम्म पनि ६ लेनको सडक बन्नेछ। फेदीदेखि घट्टेखोलासम्म ९ मिटर फराकिलो सडक बन्ने प्रमुख भाटले बताए। उनका अनुसार करिब ७ मिटर फराकिलो सडकलाई २ मिटर बिस्तार गरी ९ मिटर फराकिलो बनाइनेछ। यो सडक बिस्तार र स्तरोन्नति गर्न करिब ३ अर्ब ३२ करोड रुपियाँ लागत पर्नेछ।

मर्मतका लागि सबैभन्दा अप्ठेरो मानिएको नयाँपुलदेखि पर्वतको कुश्मासम्मको खण्ड बिस्तारमा समय लाग्ने आयोजनाले जनाएको छ। ठाउँठाउँमा पहरो भएकाले चट्टान फुटाउन पनि समस्या रहेकाले बिस्तारमा समय लाग्नसक्ने देखिएको छ। लोकमार्गको काँडेदेखि नयाँ पुलसम्मको करिब १२ किलोमिटर मार्ग सबैभन्दा बढी क्षत्विक्षत् भएको थियो। सडकमा ठूला-ठूला खाल्डा परेका थिए भने कतिपय ठाउँमा कालोपत्रेसमेत उप्किएकोमा अहिले पूरै भत्काएर मर्मतसम्भार गर्न थालिएको छ। अन्यन्तै नाजुक बनिसकेको सडकमा जुनसुकै बेला ठूलो दुर्घटना हुने खतरा बढेको थियो। सडकमा परेका खाल्डामा वर्षायाममा पानी जम्ने हुँदा झनै जोखिम थियो। पटके मर्मतमा वर्षेनी लाखौं रकम खर्च भए पनि त्यसले प्रतिफल लिन सकेको थिएन।

मर्मतसम्भार चलिरहेको सडकमा यतिबेला काँडेदेखि नयाँपुलसम्मको सबै खण्ड अस्तव्यस्त भएको छ। मर्मतसम्भारले निर्माण सामाग्री बाटोमा थुपारिँदा कतिपय खण्डमा एकतर्फी मात्र सवारी गुड्न सक्छन्। बिस्तारको क्रमसँगै सवारीको दोहोरो आउजाउ हुँदा काममा बाधा परेको छ। राजमार्ग पूरै धुलाम्य हुने गरेको छ। यो सडक हिमालपारिको जिल्ला मुस्ताङ जोड्ने एक मात्र राजमार्ग पनि हो। उक्त मार्ग हुँदै धवलागिरीका पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ जाने सवारी आवतजावत हुन्छन्।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७४/०९/२० गते**

यस कम्पनीको मिति २०७४/०९/०३ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **एम. के. ह्युमन रिसोर्सेज प्रा. लि.** को हरेको सम्पूर्ण चल अचल तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि परिवर्तित नामले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४/०९/१६ को निर्णय अनुसार नाम परिवर्तन गरी **फ्रेण्डशिप ईन्टरनेशनल ह्युमन रिसोर्सेज प्रा. लि.** कायम गरिएको सूचना प्रकाशित गरिएको छ।

**फ्रेण्डशिप ईन्टरनेशनल ह्युमन रिसोर्सेज प्रा. लि. (प्रा.लि.नं. १६४९९९)**
**काठमाडौं महानगरपालिका–१४, काठमाडौं, ३**

**नेपाल सरकार**
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
**बालकल्याण गृह**
**विराटनगर, मोरङ**

**राशन ठेक्का सम्बन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७४।०९।२१**

यस गृहको संरक्षणमा रहेका आश्रित संख्या २७ जना (पछि थपघट हुन सक्ने) लाई २०७४ माघ १ गतेदेखि २०७५ पौष मसान्तसम्मका लागि आवश्यक पर्ने राशन सिलवन्दी दरभाउपत्रद्वारा बन्दोवस्त गर्नुपर्ने भएकाले यस कार्यालयमा मिति २०७४।९।२१ मा टाँस गरिएको सूचनाद्वारा विस्तृत जानकारी हुने गरी यो ७ दिने सूचना प्रकाशन गरिएको छ।

# विश्व

### आँधी

बेलायतमा विध्वंश मच्चाएर उत्तरी युरोप पुगेको एलेनर सामुद्रिक आँधीको मज्जा लिँदै दुई बेलायती। उक्त आँधीका कारण ३ जनाको मृत्यु भएको छ।



### विरोध

इरानमा भइरहेको सरकारविरोधी प्रदर्शनको समर्थनमा पेरिसमा ऐक्यबद्धता जनाउँदै गरेको प्रदर्शनीमा राष्ट्रपति रुहानी र सर्वोच्च नेता आयतुल्लाह खोमेनीको मास्क लगाउँदै प्रदर्शनकारीहरु।



2018, JAN
Friday
5

## विश्व २ मिनेट

### साउदी अरेबिया

#### कार्यकर्ता रिहा गर्न अपिल

रियाद, (एजेन्सी)

संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्ले साउदी अरेबियालाई दर्जनौं मानव अधिकारवादी कार्यकर्ता रिहा गर्न अपिल गरेको छ। ती मानव अधिकारवादीलाई साउदी अरेबियाले सेप्टेम्बरदेखि बन्दी बनाएर राखेको छ। यूएनएचआरसीका पाँच स्वतन्त्र विशेषज्ञले एक संयुक्त विज्ञप्ति जारी गरी ६० भन्दा बढी मौलबी, शिक्षाविद् र कार्यकर्तालाई जेलमा राखिएको उल्लेख गरेका छन्। साउदी अरेबियाको सरकारले संयुक्त राष्ट्र मानव अधिकार परिषद्को विज्ञप्तिलाई लिएर कुनै प्रतिक्रिया दिएको छैन।

### इरान

#### राष्ट्र संघलाई पत्र

तेहरान, (एजेन्सी)

इरानले देशमा भइरहेको सरकार विरोधी प्रदर्शनलाई समर्थन दिएर अन्तर्राष्ट्रिय सम्बन्धको सबै हद पार गरेको अमेरिकामाथि आरोप लगाएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पको बेतुक ट्विटले व्यवधान बढाएको पनि जनाएको छ। इरानी राजदूत घोलामाली खोसरुले संयुक्त राष्ट्र संघका अधिकारीहरुलाई एक पत्र लेखी अमेरिकाले इरानको आन्तरिक मामिलामा भद्दा ढंगले हस्तक्षेप गरिरहेको उजुरी गरेका छन्। ट्रम्प र उपराष्ट्रपति माइक पेन्सले व्यक्तिगत रूपमा समास्या उत्पन्न गराइरहेको उनले बताए। राजदूतले संयुक्त राष्ट्र सुरक्षा परिषद्का अध्यक्ष र संयुक्त राष्ट्र महासचिव एन्तोनियो गुटेरेजलाई उक्त पत्र पठाएको हो।

### चीन

#### सिद्वारा सम्बोधन

बेइजिङ, (एजेन्सी)

चिनियाँ राष्ट्रपति सि जिन्पिङले बुधबार बिहान हजारौं चिनियाँ फौजको शक्ति प्रदर्शनको क्रममा सैनिक सम्बोधन गरेका छन्। उत्तरी हेवेइ प्रान्तमा ७ हजार सशस्त्र सैनिक अधिकारीलाई सम्बोधन गर्ने क्रममा सिले तिनीहरु राष्ट्रको कम्युनिस्ट मूल्यका लागि लड्ने भएकाले दु:ख वा मृत्युसँग डराउन नहुने बताएका छन्। सो सम्बोधन त्यहीबेला राष्ट्रका विभिन्न सैनिक अखाडामा रहेका अन्य ४ हजार स्थल, जल र हवाइ सेनासमक्ष पनि पुर्‍याइएको सरकारी समाचार निकाय सिन्हवाले जनाएको छ। उनले सेनाले वैज्ञानिक ढंगले पनि तालिम दिनुपर्ने बताएका छन्।

### दक्षिण अफ्रिका

#### ट्रेन दुर्घटना

जोहानेसवर्ग, (एजेन्सी)

दक्षिण अफ्रिकामा एउटा ट्रकसँग ठक्कर दिएपछि अर्को यात्रुवाहक ट्रेनमा आगो लागेको छ। बिहीबार भएको उक्त दुर्घटनामा चार जना व्यक्तिको मृत्यु हुनाको साथै अन्य चालिस जना घाइते भएको उद्धारकर्मीहरुले बताएका छन्। टेलिभिजनमा प्रसारण गरिएको भिडियो फुटेजमा कम्तीमा एउटा डिब्बामा आगो लागेको र नजिकै ट्रक र कार पल्टिएको देखिन्छ। साथै सो फुटेजमा ट्रेनबाट निकालिएका यात्रुहरु सडक छेवमा लगेजसहित उभिएका देखिन्छन्। फ्रि स्टेट प्रान्तको क्रुन्स्टाड शहरनजिक ट्रक क्रसिङमा रोकिन नसकेपछि सो दुर्घटना भएको हो।

# आईएसआईलाई सर्वोच्च अदालतको नसिहत

इस्लामावाद, (एजेन्सी)




पाकिस्तानको सर्वोच्च अदालते गत वर्ष कट्टरपन्थी समूहको धर्ना प्रदर्शनमा देशको शक्तिशाली गुप्तचर एजेन्सी आईएसआईको भूमिकालाई लिएर असन्तुष्ट व्यक्त गरेको छ। अदालतले भनेको छ- 'यो देशको सर्वोच्च एजेन्सी हो, यसलाई ठट्टाको विषय नबनाउनू।' गत नोभेम्बर ६ मा तहरिक-ए-लब्बैक नामक संगठनका सयौं समर्थकले फैजावादमा धर्ना प्रदर्शन गरेका थिए। ३ हप्तासम्म शहर ठप्प भएपछि पाकिस्तानका कानुन मन्त्री जाहिद हामिद राजीनामा दिन बाध्य भएका थिए।

प्रदर्शनका कारण बढेको हिंसालाई ध्यानमा राखी सरकारले तहरीक ए लब्बेकका मागहरु मान्न बाध्य भएको थियो। फैजावाद धर्ना प्रदर्शनमा सार्वजनिक सरोकारलाई लिएर सुनवाइ गरिरहेका दुई न्यायाधीशको इजलासले आईएसआईसँग त्यस्ता प्रदर्शनमा भइरहेको गतिविधिमा निगरानी राख्ने कुनै सेल छ वा छैन भन्ने प्रश्न राखेका थिए। यदि छ भने प्रदर्शनकारी को थिए, उनीहरुको मुद्दा के थियो भन्ने विषयमा एजेन्सीका प्रतिनिधिहरुलाई थाहा हुनुपर्ने जिज्ञाशा राखेका थिए।

पाकिस्तानको 'द एक्सप्रेस ट्रिब्युन'का अनुसार सर्वोच्च अदालतले आईएसआईलाई भनेको छ- 'यो ठूलो एजेन्सी हो। देशलाई ठट्टाको विषय नबनाउनू।' बेन्चले प्रदर्शनकारीहरुसँग पैसा कहाँबाट आए, उनीहरुको आम्दानी कति छ र आईएसआईको बजेट कति छ, भन्ने जस्ता प्रश्न पनि सोधेको थियो। सर्वोच्च अदालत कडारूपमा प्रस्तुत हुँदै यदि आईएसआईका प्रतिनिधिसँग जवाफ नभएमा सर्वोच्चले आईएसआईका प्रमुखलाई बोलाएर जवाफ माग्ने बताएका थिए।

आईएसआईले नागरिकका लागि केही नगरेको पनि बेन्चले बताए। बेन्चले पाकिस्तानको अस्तित्व सेनाको नभएर आम नागरिकको संघर्षका कारण रहेको बताए।

# गृहमन्त्रीको भनाइ विवादास्पद



इस्तानबुल, (एजेन्सी)

प्रहरीले विद्यालयबाहिर देखिने ड्रग डिलरहरुको खुट्टा भाँच्नुपर्छ भन्ने टर्कीका गृहमन्त्री सुलयमान सोयलुको भनाइको बिहीबार व्यापक आलोचना भएको छ। तुर्केली मानव अधिकार संगठन (आईएचडी) र धर्म निरपेक्ष विपक्षी अखबार कमहुर्रियतले सोयलुलाई अपराध कार्य गर्न उक्साएको आरोप लगाएका छन्।

साथै उनलाई आफ्नो गल्ती स्वीकार्न आब्हान गरिएको छ। टर्कीको राजधानी अंकारामा आयोजित सुरक्षा विषयक बैठकमा बोल्दै उनले भनेका थिए- 'यदि लागूऔषध कारोवासी कुनै विद्यालयनजिक देखिएमा त्यसको खुट्टा भाँच्नु एक प्रहरीको कर्तव्य हो।'

यदि यसको वापत १० वा २० वर्ष लामो कारवास सजाय भोग्नुपरे पनि त्यसका लागि हामी भुक्तानी गर्छौं। उनले सन् २०१७ सुरक्षा फौजले २० टन हेरोइन बरामद गरेको जानकारी पनि दिएका छन्। साथै उनले टर्कीले कुर्दिस्तान वर्कर्स पार्टी (पीकेके) लडाकूसँग जस्तै ड्रग्स डिलरहरुसँग पनि त्यसरी नै लड्नुपर्ने बताएका छन्।

# ककपिटभित्रै पाइलटबीच झगडा

मुम्बई, (एजेन्सी)




जेट एयरवेजले बेलायतको राजधानी लन्डनबाट भारतीय शहर मुम्बईतर्फ उडेको विमानको ककपिटभित्रै झगडा गरेको आरोपमा दुई जना पाइलटलाई बिहीबार ग्राउन्डेड गरेको छ। इन्डियन एयरलाइनले नयाँ वर्षको दिवा उडानको क्रममा ककपिटका चालक दलबीच असमझदारी भएको पुष्टि गरेको छ।

साथै उक्त एयरलाइनले ती चालक दलका सदस्यलाई कामबाट हटाइएको तर अनुसन्धान रोकिएको पनि जनाएको छ। तर ३ सय २४ जना यात्रु बोकेको सो विमान मुम्बइमा सुरक्षित ढंगले अवतरण भएको थियो।

प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले पुरुष पाइलटले महिला पाइलटलाई गालामा थप्पड हानेपछि विवाद सृजना भएको जनाएको छ। ती महिला पाइलटले रुँदै ककपिट छोडेर हिँडे पनि उनका अन्य सहकर्मीहरुले पछि उनलाई फकाएर ककपिटभित्र लगेका थिए।

नागरिक उड्डयन महानिर्देशनालय (डीजीसीए)का एक जना अधिकारीले पुरुष पाइलटले सुरक्षा नियम उल्लंघन गर्दै सो घटनाका बेला दुईपटक ककपिट त्यसै छोडेर हिँडेको पीटीआई समाचार निकायलाई बताएका छन्।

जेट एयरवेजका प्रवक्ताले बीबीसीसमक्ष घटनाको पुष्टि गरे पनि घटनाबारे विस्तृत विवरण दिएको छैन। तर यस एयरलाइन्सले सुरक्षा नियमसँग खेलाँची गर्ने कुनै पनि कर्मचारीलाई कुनै हालतमा पनि नछोडिने जनाएको छ।

# अफ्रिकी मुलुकमा शल्यक्रिया खतरनाक



जोहान्नेसवर्ग, (एजेन्सी)

अफ्रिकामा शल्यक्रिया गराइसेपछि बिरामीको मृत्यु हुने सम्भावना विश्वका अन्य स्थानको तुलनामा दोब्बर हुने गरेको अनुसन्धानकर्तालिबताएका छन्। तिनीहरुले यसभन्दा पनि अझै अति थोरै संख्यामा मात्र अफ्रिकीहरुले शल्यक्रिया पाउने गरेको वास्तविकता निकै गम्भीर भएको बताएका छन्।

लान्सेट मेडिकल जोर्नलमा निकालिएको अध्ययन प्रतिवेदनमा मागको तुलनामा २० गुणा कम संख्यामा शल्यक्रिया हुने गरेको उल्लेख गरिएको छ। जनशक्तिको अभावको कारण यो समस्या देखिएको बताइएको छ।

बिरामीहरु कलिलै उमेरका र रोग त्यति खतरनाक नभए पनि विश्वव्यापि औसत तथ्यांकको तुलनामा अफ्रिकामा शल्यक्रियापछि बाँच्ने संख्या न्यून रहेको बुझिएको छ। साथै अफ्रिकामा सामान्य रोगी र जटिल समस्या नभएका अधिकांश बिरामीको शल्यक्रिया हुने गरेको बताइएको छ।

अफ्रिकाका २५ वटा मुलुकका २ सय ४७ वटा अस्पतालमा ३० जना अफ्रिकीले यो अनुसन्धान गरेका हुन्।

# प्रलय ल्याउन सक्ने रुसको जासुसी जहाज यनतार

लन्डन, (एजेन्सी)



विश्व अमेरिकापछि दोस्रो ठूलो सैन्यशक्ति रुस आफ्ना आधुनिक हतियार र शत्रुको निगरानी गर्ने शक्तिशाली उपग्रहबाट सुसज्जित रहेको छ।

रुसको सैन्यबलकम अहिले अर्को एउटा जासुसी जहाज समावेश भएको छ। जसको नाम रुसको एक भूउपग्रह कार्यक्रम 'यनतार' राखिएको छ। रुसी नौसेनासँग जासुसी जहाज पहिला पनि थियो तर यनतार ती सबैभन्दा अलग्ग र शक्तिशाली बताइएको छ।

पानीभित्रै यात्रा गर्न सक्ने श्रेणीको रिमोटबाट चल्ने पनडुब्बीसहितको यनतारलाई कुनै पनि स्थानबाट सञ्चालन गर्न सकिन्छ। गत महिना बेलायती सेनाले एक चेतावनी जारी गर्दै यनतारको माध्यमबाट रुसले सञ्चार रोक्न र रोकावट ल्याउने क्षमता हासिल गरेको उल्लेख गरेको थियो। किनभने यसले समुद्रमा रहेको तारहरु काट्न सक्छ।

बेलायत रक्षा कर्मचारीका प्रमुख एयरचिफ मार्सल सर स्टुअर्ट पिचका अनुसार इन्टरनेट र बाँकी सञ्चार तारहरुमा त्यस्तो हमला प्रलय ल्याउने खालको हुनसक्छ।

नेटोले समुद्रको पिँधमा सेनाको कामका लागि तार बिछ्याएका छन्। तीबाहेक पृथ्वीका सबै भूभागलाई जोड्ने फाइबर अप्टिक तारका जालो रहेको छ। लन्डनमा रुसी सेनाका विज्ञ इगोर सुचेगेनले भने- 'रुससँग ती तारलाई बिगार्ने क्षमता छ, यद्यपि रुसले कुनै बेला त्यस्तो गरेको कुनै प्रमाण छैन। रुसको संसदीय प्रतिवदेनमा यनतार आफ्नो पनडुब्बी गुणको माध्यमबाट लुकेर त्यस्तो काम गर्न सक्ने उल्लेख गरेको छ।'

यनतारसँग समुद्रको भित्र गहिराइसम्म गएर निगरानी गर्ने साधन छ। त्योबाहेक अत्यन्तै गोप्य सञ्चार केबलसँग जोड्न सक्ने यन्त्र पनि रहेको बताइएको छ।

सन् २०१५ देखि काम थालेको यनतार ३ सय ४५ फिट लामो जहाज हो, जसमा एक पटकमा ६० जनाले यात्रा गर्न सक्छन्। बाल्टिक पोर्टमा बनाइएको यनतार प्रोजेक्ट २२०११० को हिस्सा हो। यसमा चाँडै अल्माज नामक एक जहाज पनि थपिने भएको छ।

यनतारमा रुस र कन्सोल नामक दुई पनडुब्बी पनि छ, जसमा तीन जना बस्न सक्छ। यो पनडुब्बी समुद्रमा २० हजार फिटको गहिराइसम्म जान सक्छ। रुसको संसदीय रिपोटमा सन् २०१५ को गर्मीमा यनतारलाई अमेरिकाको जर्जिया नौसैनिक अड्डानजिक तैनाथ गरिएको उल्लेख गरिएको छ।

पेन्टागनका अधिकारीका अनुसार रुसले यनतारको माध्यमबाट अमेरिकी पनडुब्बी र समुद्री सेन्सरका बारेमा जानकारी हासिल गरिरहेको थियो। जर्जियको किंग्स नौसैनिक अड्डामा ६ ब्यालेस्टिक मिसाइल पनडुब्बी राखिएको र हरेकमा २४ वटा परमाणु क्षेप्यास्त्र रहेको नोभल टेक्नोलोजी वेबसाइटमा प्रकाशित एक समाचारमा उल्लेख गरिएको थियो।

अहिले यनतार अर्जेन्टिनाको बेपत्ता पनडुब्बी खोज्न सहयोग गरिरहेको छ। अर्जेन्टिनाको उक्त पनडुब्बी गत वर्ष नोभेम्बर १५ मा बेपत्ता भएको थियो। त्यसमा रहेका ४४ चालक दलका सदस्यका बारेमा अहिलेसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

यसअघि पनि यनतारलाई खोजी तथा उद्धार कार्यमा प्रयोग गरिएको छ। रुसको संसदीय प्रतिवेदनमा सन् २०१६ मा सिरियाली युद्धका क्रममा मेडिटेरियन समुद्रमा दुर्घटनाग्रस्ट दुई रुसी फाइटर जेट यनतारले फेला पारेको उल्लेख गरिएको थियो।

यनतारको सहायताबाट दुई विमानमा रहेका केही गोप्य यन्त्र बचाउन सकेको पनि प्रतिवेदनमा उल्लेख छ।

{ बुढाथोकीले भन्नुभयो- 'घरको सबै सम्पत्ति बेचिसकियो, अब थप उपचार गर्नका लागि आफ्नो पारिवारिक स्थितिले नसक्ने भएको छु। छोराको भविष्यको जीवन उज्जवल बनाउनका लागि सहयोगको अपील गर्दछु।'

## समाचार संक्षेप

### दुई थान पेस्तोलसहित पक्राउ

काठमाडौं, (नेस)

प्रहरीले कोटेश्वरबाट दुईवटा पेस्तोलसहित एक युवालाई बिहीबार दिउँसो पक्राउ गरेको छ। प्रहीले खोटाङका सुभाष कार्कीलाई उक्त पेस्तोलसहित पक्राउ गरेको जानकारी दिएको छ।

महानगरीय प्रहरी परिसर, काठमाडौंका प्रवक्ता रामदत्त जोशीका अनुसार प्रहरीले कोटेश्वरस्थित महादेवस्थान मार्ग, पेरिसडाँडामा रहेको न्यू सुनकोशी गेस्ट हाउसको कोठा नं १०४ मा बसेको अवस्थामा उनको साथबाट एक थान रिभल्वर र त्यसको २ राउन्ड गोली तथा १ थान कटुवा पेस्तोल र त्यसको ३ राउन्ड गोली बरामद गरेको हो। पक्राउ परेका कार्की यसअघि पनि विभिन्न अपराधको घटनामा संलग्न रहेको र सुनसरीको झुम्कामा रहेको कारागारमा केही समय सजायँ काटेका व्यक्ति भएको एसपी जोशीले जनाकारी दिनुभयो।

### नेपाली जाली नोटसहित पक्राउ

हेटौंडा, (नेस)

हेटौंडामा पनि नेपाली नक्कली नोट भेटिएको छ। बिहीबार बिहान करिब ७ बजे इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले हेटौंडा-१६ स्थित स्मृति मोक्तानको चिया पसलमा बाराको जीतपुरसिमरा उमनपा-१६ बस्ने वर्ष ३१ का मनोज पन्तलाई नक्कली नोटसहित पक्राउ गरेको हो।

नक्कली नोट साट्न खोजेको सूचनाका आधारमा पुगेको प्रहरीले चिया पसलमा उनले अवैध १ हजार दरका नेपाली नक्कली नोट साट्न लागेको अवस्थामा पक्राउ गरेको प्रहरीले बताएको छ। उनको शरीर खानतलासी गर्दा पाइन्टको खल्तीमा पर्सभित्र लुकाइराखेको नेपाली १ हजार दरका ८ वटा नोटसहित पक्राउ गरिएको हो।

### ४ किलोग्राम चरेशसहित शिक्षक पक्राउ

रौतहट, (नेस)

जिल्लाको गरुडा नगरपालिका वडा नम्बर-५ लक्ष्मीपुरका अंग्रेजी विषयका शिक्षक शिवशंकर पाण्डे ४ किलोग्राम चरेससहित पक्राउ परेका छन्। लक्ष्मिपुरस्थित श्री निम्न माध्यमिक विद्यालयका शिक्षक पाण्डेलाई वीरेन्द्र राजमार्गको गौर चन्द्रपुर सडक खण्डको जयनगर चोकबाट प्रतिबन्धित लागूऔषध चरेससहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले पुष्टि गरेको छ।

पाण्डे गत मंसिर २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रौतहट क्षेत्र नम्बर ४ बाट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको उम्मेदवार बनेका थिए। उनले ७९ मत पाएका थिए। उनीसँगै फरार अन्यको खोजी भइरहेको प्रहरीले जनाएको छ।

### ट्याक्टर दुर्घटनामा एक मृत्यु, ४ घाइते

रुकुम, (नेस)

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका ९ चिसापानीमा भएको ट्याक्टर दुर्घटनामा १ जनाको मृत्यु भएको छ। म १ त १३५ नम्बरको ट्याक्टर दुर्घटना हुँदा रुकुम आठबिसकोट नगरपालिका ११ का १७ वर्षीय प्रेम विकको घटनास्थलमै मृत्यु भएको हो। दुर्घटनामा बर्दियाका चालक रामसागर चौधरीसहित ४ जना घाइते भएका छन्।

अन्य घाइते हुनेमा रुकुम आठबिसकोटका उत्तम कामी, गणेश पुन र दिलबहादुर शिर्पाली रहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जानकारी दिएको छ। घाइतेहरूको जिल्ला अस्पताल सल्ले रुकुममा उपचार भइरहेको छ।

# गोदाम घर निर्माणका लागि सम्झौता सम्पन्न



**नेपाल समाचारपत्र**

काठमाडौं

रेडक्रस सोसाइटी चाइना र नेपाल रेडक्रस सोसाइटीबीच केन्द्रीय गोदामघर निर्माणसम्बन्धी सहयोग सम्झौतामा विहिवार काठमाडौंमा संझौता भएको छ।

सम्झौतापत्रमा चाइना रेडक्रसका तर्फबाट चाइनिज रेडक्रसका उपाध्यक्ष वाङ हाइजिङ र नेपाल रेडक्रस सोसाइटीका तर्फबाट महामन्त्री देवरत्न धाख्वाले हस्ताक्षर गर्नुभयो। सम्झौता अनुसार रेडक्रस सोसाइटी चाइनाको आर्थिक सहयोगमा भक्तपुरमा केन्द्रीय गोदामघरको निर्माण हुँनेछ।

केन्द्रीय कार्यालयमा आयोजित हस्ताक्षर कार्यक्रममा बोल्दै चाइना रेडक्रसका उपाध्यक्ष वाङ हाइजिङले नेपाल रेडक्रसलाई गोदाम निर्माणका साथै अन्य क्षेत्रमा पनि सहयोग गर्न चाइना रेडक्रस तयार रहेको बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष संजीव थापाले नेपाल रेडक्रसले विपद्को लागि पूर्वतयारी गरे पनि २०७२ सालको भूकम्पको समयमा ठूलो मात्रामा सहयोग गर्न ठूलो गोदामघरको आवश्यकता महसूस भएपछि चाइना रेडक्रस समक्ष गोदाम निर्माणको लागि प्रस्ताव गरिएको बताउनुयो। उहाँले भूकम्पका बेला चाइना रेडक्रसले पुऱ्याएको आर्थिक र सामग्रीगत सहयोगको प्रशंसा पनि गर्नुभयो।

यस्तै सोसाइटीका महामन्त्री देवरत्न धाख्वाले नेपाल रेडक्रसको सन् २०२० सम्मको विकास योजना अनुसार यो गोदामघर निर्माण परियोजना प्रस्तुत गरिएको बताउनुभयो। प्रस्तावित भवनको विस्तृत डिजायन ३ महिना भित्र तयार हुने छ। रु. १३ करोडको लागतमा दुईवर्षभित्र गोदामघर निर्माण सम्पन्न गरी आवश्यक उपकरणहरूको समेत व्यवस्था गरिने जनाएकोछ।

रेडक्रस सोसाइटी चाइनाका उपाध्यक्ष वाङ हाइजिङको नेतृत्वमा नेपालको तीन दिने भ्रमणमा आएको प्रतिनिधिमण्डलले विहिवारै भक्तपुरस्थित गोदामघर निर्माण स्थलको अवलोकन समेत गरेको छ भने शुक्रवार काभ्रेका भूकम्प प्रभावित समुदायहरूको अवलोकन गर्ने कार्यक्रम रहेको छ। प्रतिनिधिमण्डलमा चाइना रेडक्रसका डेपुटी डाइरेक्टर, इन्टरन्यासनल कोओपरशन डिभिजन प्रमुख सम्मिलित हुनुहुन्छ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष देवेन्द्रबहादुर प्रधान, उपमहामन्त्री हरिप्रसाद न्यौपाने, भूकम्प प्रतिकार्य कार्यक्रमका प्रमुख उमेश ढकाल, कार्यकारी निर्देशक इन्द्रबहादुर केसीलगायत अन्य कर्मचारीहरूको उपस्थिति रहेको नेपाल रेडक्रस सोसाइटीमा मानवीय महत्व र संचार विभागका प्रमुख दिब्यराज पौडेलले जानकारी गराउनुभयो।

### सर्वदलीय...

नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले निर्वाचनबाट प्राप्त जनादेशको सम्मान गर्दै सरकारले सत्ता हस्तान्तरणका लागि ढिलाइ गरे त्यसको जवाफ दिने बताउनुभएको थियो।

बैठकमा कांग्रेसका सभापति देउवा, वरिष्ठ नेता पौडेल, महामन्त्री डां शशांक कोइराला, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नारायणकाजी श्रेष्ठ, कांग्रेस नेताहरू विजयकुमार गच्छदार र कृष्णप्रसाद सिटौला, एमालेका उपाध्यक्ष रावल, नेताहरू सुवास नेम्वाङ, उपमहासचिव विष्णु पौडेल र अग्नि खरेल, संघीय समाजवादी फोरमका राजेन्द्र श्रेष्ठ तथा राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतो, राजकिशोर यादवलगायतका नेताहरूको सहभागीता रहेको थियो।

### ७ सय...

महानगर क्षेत्रमा करिब १ सयको हाराहारीमा सामुदायिक र करिब ६ सयको हाराहारीमा निजी र गुठीबाट सञ्चालित विद्यालय छन्।

सामुदायिक विद्यालयले विद्यार्थी, शिक्षक र कर्मचारी संख्या, शिक्षकको विवरण, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायत अधिकारीको विवरण, विद्यार्थीको व्यक्तिगत विवरण, विद्यालयको सम्पत्तिलगायतका विषय अनलाइनबाटै भर्नुपर्ने हुन्छ। संस्थागत विद्यालयले विद्यार्थी संख्या, भौतिक विवरण, शिक्षक संख्या विद्यालय व्यवस्थापन समिति गठन भएको मिति र पदाधिकारीहरू, कर प्रणाली, विद्यार्थीको व्यक्तिगत विवरणलगायत विद्यालयसम्बन्धी सम्पूर्ण विवरण अनलाइनमार्फत भर्न पाउने व्यवस्था गरेको छ।

महानगरमा रहेका विद्यालयको संख्या र त्यसको यथार्थ विवरण बारे जानकारी लिन अनलाइन सेवा शुरुआत गरिएको विभाग प्रमुख अर्यालले बताउनुभयो। उहाँले भन्नुभयो- 'हचुवामा रहेका तथ्यांकलाई व्यवस्थित गर्न वेवसाइट उद्घाटन गरेका हौं।' कर्मचारीलाई पनि आईटीका बारेमा जानकारी दिन सबै विद्यालयलाई अनलाइन सेवा प्रयोग गर्न प्रोत्साहित गरेको उहाँको धारणा थियो। सो वेवसाइटको द कनेक्ट प्लस टीसीपीले निर्माण गरेको हो। वेवसाइटबारे जानकारी गराउँदै टीसीपीका प्रमुख डा. स्वागत श्रेष्ठले महानगर क्षेत्रभित्रका सामुदायिक र संस्थागत विद्यालयमा आईटीको प्रयोग गर्न वेवसाइट निर्माण गरेको जानकारी दिनुभयो।

हाल कामपाको शिक्षा विभागअन्तर्गत ११ स्रोत केन्द्र र ८ जना कर्मचारी कार्यरत छन्। वेवसाइट सार्वजनिक कार्यक्रममा काठमाडौं जिल्लाका नगरपालिकाका जनप्रतिनिधि, संस्थागत र सामुदायिक विद्यालयका शिक्षकको उपस्थिति थियो। सार्वजनिकीकरण कार्यक्रममा बोल्दै कामपाका प्रमुख प्रशासकीय अधिकृत धनिराम शर्माले विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन अनलाइन प्रविधिको शुरुआत गरिएको जानकारी दिनुभयो।

# शीतलहरले सतायो

कृष्णउदास खनाल, वीरगन्ज

मध्य तराईका जिल्लाहरू पर्सा, बारा र रौतहटमा जारी रहेको शीतलहरका कारण अत्याधिक चिसो बढेपछि जनजीवन कष्टकर बनेको छ। वीरगन्ज क्षेत्रको तापक्रम ४ डिग्रीसम्म झरेपछि स्थानीयहरूले यसलाई यो सिजनमा अहिलेसम्मकै कठिन जाडो भनेर ठम्याएका छन्। अहिले सालको जस्तो जाडोको अनुभूति आफूले यसअघि कहिल्यै नगरेको पर्साको बिन्दवासिनीका स्थानीय सन्तलाल साहले बताए। उनका अनुसार मानिसदेखि गाईबस्तु र बाख्रा खसी सबैलाई गाह्रो पारेको छ शीत लहरले। अलौंका सतार मिया करिब १३ दिनदेखि काममा जान पाएका छैनन्।

पुरानो फलाम ल्याउने त्यसलाई छुट्याएर किनबेच गर्ने वीरगन्ज नयाँ बस पार्कमा रहेको एउटा फर्ममा काम गर्ने उनी जाडोका कारण नै काममा गएका छैनन्। शीत लहरसँगै बरफजस्तो हावा चलेको बेला छोइनसक्ने गरी चिसो भएको फलामको काम हुन नसकेपछि त्यो काम नै केही दिनका लागि बन्द रहेको उनले बताए।

निर्माणको काममा खट्ने मिस्त्री र मुजदुरदेखि ठेला रिक्सा चलाउने भारी ओसार्ने, घुम्ती व्यापार गर्नेलगायत पेसामा रहेकालाई यो जाडो बाधा बनेर आएको छ। ठेला चालक प्रभु प्रसादले काम गर्ने साहस जाडोमा हराएर गएको टिप्पणी गरे।

वीरगन्ज महानगरपालिकाको कार्यालयले वितरण गरेको दाउरा ठाउँठाउँमा बालिएपछि सहरी क्षेत्रमा मानिसहरूलाई जाडो छल्न मद्दत मिल्यो। गाउँहरूका गुइठी, धानको खेतबाट निस्किने पराल, पोरसा आदिको घुर बालेर मानिसहरूले समय बिताएका छन्। अत्याधिक जाडोका कारण यस क्षेत्रका निजी तथा सामुदायिक विद्यालयहरू आइतबारसम्मका लागि बिदा दिइएको छ। चिसोका कारण शहर बजारमा मानिसको चापसमेत घटेको छ भने ग्रामीण भेगका स्थानीयहरू आगो तापेर दिन बिताउन बाध्य भएका छन्।

# क्यान्सर रोगी छोराका लागि सहयोगको अपिल

सरिता चलाउने, सल्यान

छोराको वाँया खुट्टामा क्यान्सर भएपछि सल्यानका पट वहादुर वुढाथोकीले आफुलाई सहयोगको अपिल गर्नुभएको छ। जिल्लाको दार्मा गाँउपालीका वडा ३ झुलेली वस्ने पट वहादुर वुढाथोकीले १४ बर्षिय छोरा कमल वुढाथोकीको वाँया खुट्टामा क्यान्सर भएका कारण उपचारका सहयोगको लागि आग्रह गर्नु भएको हो।



बुढाथोकीलाई उपचारका लागि पाँच लाख खर्च लाग्ने भएकाले सहयोग गरिदिन हुन उहाँले आग्रह गर्नुभएको छ। छोराको वि.पि.कोइराला मेमोरियल क्यान्सर हस्पिटल भरतपुर चितवनमा अप्रेसन भई अहिले सम्म दश लाख खर्च भैसकेको बताउनु भएको छ।

वुढाथोकीलले भन्नु भयो' -'घरको सबै सम्पत्ती वेचि सकियो, अव थप उपचार गर्नेको लागी आषनो पारीवारीक स्थितिले नस्कने भएको छु। छोराको भविष्यको जिवन उज्जोल बनाउनको लागी सहयोयको अपिल गर्दछु।' उहाँले पैसाको अभाब भएपछि अहिले छोरा घरमै उपचारको अभाबमा छटपटाईरहेको बताउनु भएको छ। २०७३ को फागुनमा क्यान्सर हस्पिटल भरतपुर चितवनमा क्यानसर रोग पत्ता लागीसके पछि बुढाथोकीको छोराको खुट्टा काटिएको थियो। उहाँले आफु छोराको निरन्तर उपचारमा लागीरहेको बताउनु भयो। उपचार गर्दा गर्दा गर्दै आफु सँग भएको दश लाख रूपैया सकिएको र अब ५ लाख लाग्ने भएकाले आफु संग त्यो पैसा नभएको बताउनु भयो।

उपचार गर्न जान, बस्न, खानसमेत पैसाको अभाब रहेकाले बुढाथोकीले दार्मा गाउँपाकाको कार्यलयमा सहयोग मागेको र गाउँपालीका बाट २० हजार रकम सहयोग दिने निर्णय भएको बताउनु भयो। उहाँले सहयोग गर्ने चाहदे ईच्छुक समुह, संस्था, वा बक्तिलाई लक्ष्मी वैक्रको खाता नम्वर ०४०४३००१४८२ मा जम्मा गरी दिनुहुन वा ९८२२८०३४१८ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्नभएको छ।

उहाँले आफ्नो छोराको उपचारमा सहयोग गरीदिनु हुन देश तथा विदेशमा रहनु भएका सम्पुर्णले आफनो सक्दो सहयोग गर्न अपिल गर्नु भएको छ।

# स्थानीयले नै लगाए ताला

गोरखा, (नेस)

जिल्लाको भीमसेन गाउँपालिकाको केन्द्र सार्ने विषय मन्त्रिपरिषद्मा पुऱ्याएको भन्दै गाउँपालिकाको कार्यालयमा ताला लगाइएको छ। अहिले केन्द्र रहेको बगुवाका स्थानीयबासीले गाउँपालिकाका प्रमुख ईश्वर पाण्डे र कार्यकारी अधिकृत श्यामकृष्ण पौडेलको कार्यकक्षमा ताला लगाएका हुन्। सो गाउँपालिकाको केन्द्र बगुवाबाट घ्याम्पेशाल सार्ने नहुने भन्दै उनीहरूले विरोध गर्दै आएका छन्।

'हामी कार्यालयकै काम गरिरहेका थियौं', कार्यकारी अधिकृत पौडेलले भन्नुभयो- 'गाउँपालिकाको केन्द्र सार्न यहाँबाट मन्त्रिपरिषद्मा सिफारिस भएको हो।'

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग

**Jail Building Room Construction at first floor work and Compound Wall Construction Work at District Karagar, Kaski Pokhara**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७४/०९/२१ गते**

यस विभागको मिति २०७४/०८/०३ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम निम्न बमोजिमको कार्य गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद (पहिलो संशोधन); ऐन २०७३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको लागि सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

**तपसिल :-**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | 05/DOPM/ 074/075 | Jail Building Room Construction at first floor work, District Karagar, Kaski, Pokhara. | श्री वंशगोपाल कन्स्ट्रक्सन झरुवाराशी, ललितपुर | १९,७९,४९७।७४ अक्षरुपी रु.उन्नाइस लाख उनासी हजार चार सय सन्तानब्बे र पैसा चौहत्तर मात्र। | |
| २ | 06/DOPM/ 074/075 | Compound Wall Construction Work at District Karagar, Kaski Pokhara | श्री वंशगोपाल कन्स्ट्रक्सन झरुवाराशी, ललितपुर | १७,५२,८७५।६९ अक्षरुपी रु.सत्र लाख बाउन्न हजार आठ सय पचहत्तर र पैसा उनान्सत्तरी मात्र। | |

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय बाँके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७४।०९।२१ गते**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७४/०८/१० र पुन संशोधित २०७४/०८/१४ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र न्यून मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि मूल्यांकन समितिबाट समेत भै आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

| क्र स | ठेक्का नं. | गर्नुपर्ने कार्यको नाम | न्यून मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | साकार अंक (मु.अ.क. र कन्टेन्जेन्सी रकम बाहेक) |
|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | जिल्ला हुलाक कार्यालय नेपालगंज बाँकेको कार्यालय भवन निमार्ण कार्य | श्री सौरभ कन्ट्रक्सन कारकाँदो-०३ नेपालगंज, बाँके | रु.६२,६३,५४३।९० |

पुष्पराज श्रेष्ठ
हुलक अधिकृत

नेपाल सरकार
सिंचाइ मन्त्रालय
जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
पुल्चोक, ललितपुर

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७४/०९/२१)

यस कार्यालयको मिति **२०७४/०७/१९** गते **"नेपाल समाचार पत्र"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. **०१-२०७४/०७५** अनुसार पुर्वी राप्ती नदी नियन्त्रण कार्यको देहाय बमोजिमको प्याकेजहरूको लागि विद्युतिय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिल उल्लेखित बोलपत्रदाताले कवोल गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही भै स्विकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ।

| ठेक्का.नं. | न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|
| ERRTP/Makawanpur/ 04/2074-075 | MR and Group Pvt. Ltd. Gaidakot-2, Nawalparasi | १,६५,७५,४२६।५८ |
| ERRTP/Chitwan/10/ 2074-075 | MR and Group Pvt. Ltd. Gaidakot-2, Nawalparasi | २,३९,८१,३९८।८५ |



# अर्थ

विभागको प्रभावकारी अनुगमन नहुँदा विदेशी नागरिकले नेपालमा विभिन्न शंकास्पद गतिविधि र भिसाको पनि दुरुपयोग गर्दा आपराधिक घटना हुने गरेको छ।

2018, JAN
Friday
5



नेपाल आयल निगमको कार्यालय घेराउपछि ज्ञापन पत्र बुझाउँदै आन्दोलनरत विद्यार्थी संगठनका नेता तथा कार्यकर्ता।
तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# विदेशी नागरिकलाई ट्र्याकिङ गरिँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले नेपालमा आउने विदेशी नागरिक तथा पर्यटकलाई अनुगमन र निगरानी गर्न उद्देश्यले विदेशी नागरिक अनुगमन निर्देशिका ल्याउने तयारी गरेको छ।

अध्यागमन विभागबाट प्रस्ताव तयार गरी गृह मन्त्रालयमा निर्देशिका आएको छ यसको बारेमा आन्तरिक छलफल गर्न भने बाँकी रहेको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद शर्मा दुवाडीले बताउनुभयो।

जुनसुकै प्रायोजनामा नेपाल आउने विदेशी नागरिकको गतिविधि बारेमा जानकारी पाउने उद्देश्यले निर्देशिका तयार भएर गृह मन्त्रालयम पठाएको अध्यागमन विभागका महानिर्देशक दीपक काफ्ले बताउनुभयो। उहाँले भन्नुभयो-'यो निर्देशिका आए पछि विदेशी नागरिकलाई ट्र्याकिङ गर्न सकिन्छ।' अहिले महानिर्देशकलाई अनुगमन गर्न अधिकार छ, निर्देशिका तयार भएपछि भने तल्लो तहका कर्मचारीलाई समेत अधिकार हस्तान्तरण हुने हुँदा निगरानी गर्न सहज हुने कापलेको भनाइ छ।

नेपालमा आउने विदेशी नागरिकको बारेमा आन्तरिकरूपमा अनुगमन गर्न सहज हुने विभागको भनाइ रहेको छ। विभागको प्रभावकारी अनुगमन नहुँदा विदेशी नागरिकले नेपालमा विभिन्न शंकास्पद गतिविधि र भिसाको पनि दुरुपयोग गर्दा आपराधिक घटना हुने गरेको छ।

प्रस्तावित विदेशी नागरिक अनुगमन निर्देशिका कार्यान्वयनमा आएपछि विदेशी नागरिक कहाँ कस्तो अवस्थामा कसरी काम गरिरहेको र कस्ता गतिविधिमा संलग्न रहेको बारेमा थाहा पाउन सकिने विभागले जनाएको छ। अध्यागमन विभागका मुद्दा शाखा हेर्ने शाखा अधिकृत रामचन्द्र काफ्लेका अनुसार साउनयता १६ जना विदेशी नागरिकविरुद्ध अदालतमा मुद्दा दायर गरिएको छ। करिब ४४ जनालाई विभिन्न गैरकानुनी क्रियाकलापमा संलग्नलाई देश निकाला गरिएको काफ्ले जानकारी दिनुभयो। भिसाको म्याद सकिएपछि पनि गैरकानुनी ढंगले नेपालमा बसोबास गर्ने गरेको पाइएको छ।

त्यस्तै पर्यटक, विद्यार्थी, व्यापारी, कामदार वा अन्य प्रवेशाज्ञामा नेपाल आएर आफू अनुकूल काम गर्ने गरेको पाइएको छ। यसरी गैरकानुनी हिसाबले बस्ने विदेशी नागरिकको संख्या धेरै रहेको हुन सक्ने विभागको भनाइ छ। अध्यागमन विभागको तीन वर्षे रणनीतिक योजनाअनुसार तयार भएको निर्देशिका गृह मन्त्रालयले तयारी गरेपछि मन्त्रिपरिषद्मा पेस गरिने छ। विदेशी नागरिक आएर नेपालमा लागू औषधको कारोबार गर्ने, प्रविधिको दुरुपयोग प्रयोगमार्फत् एटीएमबाट पैसा चोर्ने, इन्टरनेटको माध्यमबाट कल बाइपास गर्ने गैरकानुनी गतिविधिमा विदेशी नागरिकको संलग्नता रहेको प्रहरीले बताएको छ।

# नेपाल बैंकर्स संघमा ढुंगाना

काठमाडौं, (नेस)



नेपाल बैंकर्स संघको कार्यसमिति बैठकले ज्ञानेन्द्र ढुंगानालाई अध्यक्षमा चयन गरेको छ। कार्यसमितिको बिहीबार बसेको बैठकले नेपाल उपाध्यक्ष रहनुभएका ढंगानालाई अध्यक्षमा चयन गरेको हो।

संघ अध्यक्षमा ढंगानालाई चयन गरेपछि संघको कार्यसमिति बैठकले गरेको निर्णय विशेष साधारणसभाबाट अनुमोदन गरिएको हो। तत्कालीन अध्यक्ष अनिलकेशरी शाह हाल कुनै पनि बैंकमा कार्यरत नरहेपछि अध्यक्ष पद रिक्त रहेको थियो। उपाध्यक्ष ढंगानाले कार्यवाहक अध्यक्ष पद सम्हाल्नुभएको थियो।

नवनिर्वाचि अध्यक्ष ढुंगाना नेपाल बंगलादेश बैंकका प्रमुख कार्याकारी अधिकृत हुनुहुन्छ।

# टाटा नेक्सनको बुकिङ पुस २४ बाट

काठमाडौं, (नेस)

